का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ असोज २०८२
सोमबार
13 October 2025
Monday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २४७ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




# रित्तिँदै हिमाल–पहाड

## अवकाशपछि कर्मचारीलाई पहाड बसाउने अवधारणा अलपत्र

शिक्षक, कर्मचारी र सुरक्षा निकायका अधिकारीहरूलाई सेवा निवृत्त जीवन हिमाल र पहाडमा बिताउने वातावरण बनाउन सकिन्छ । यसबारे सरकारले ठोस कार्यक्रम ल्याउनुपर्ने त्रिभुवन विश्वविद्यालयको अवधारणा अगाडि बढ्न नसकेको हो ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २६ असोज

राष्ट्रसेवकहरूलाई अवकाशपछि हिमाल र पहाडमा बस्न पठाउने योजना अलपत्र परेको छ । यो अवधारणा त्रिभुवन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रीय विभागले अगाडि सारेको थियो । जसअन्तर्गत सरकारले अवकाशपछि हिमाल र पहाडमा बस्न जाने राष्ट्रसेवकलाई थप सुविधा दिनेगरी नीतिगत निर्णय गर्नुपर्ने थियो । यसो नहुँदा अवकाशपछि राष्ट्रसेवकहरूलाई हिमाल र पहाड पठाउने अवधारणा अलपत्र परेको हो ।

त्रिभुवन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रीय विभागका अनुसार शिक्षक, कर्मचारी र सुरक्षा निकायका अधिकारीहरूलाई सेवा निवृत्त जीवन हिमाल र पहाडमा बिताउने वातावरण बनाउन सकिन्छ । यसबारे सरकारले ठोस कार्यक्रम ल्याउनुपर्नेहुन्छ ।

अवकाशपछि राष्ट्रसेवकहरूलाई हिमाल र पहाड पठाउने अवधारणा अगाडि ल्याइनुको कारण हो- नेपालमा पहाडी र हिमाली क्षेत्रमा जनसंख्या घट्दो क्रममा छ । अहिलेको अवस्थाले निरन्तरता पाए भविष्यमा थप समस्या आउन सक्ने चिन्ता सरोकारवालाहरूमा छ । यस सम्बन्धमा त्रिभुवन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रीय विभागले अध्ययन गरेर हिमाल र पहाडमा बसोबास बढाउने »» पृष्ठ २ मा

खाद्य गुणस्तरमा ध्यान दिऔं ।

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं,
- अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं,
- खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

*स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !*

नेपाल सरकार
विज्ञापन बोर्ड

# अनिर्णयको बन्दीमा वाम एकता

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमले पुराना दलहरूमा रूपान्तरण र एकताका लागि थप दबाब बढेको छ ।





“पार्टी एकतामा को-को तयार भएका छन् र ती दलबीच के कसरी एकताको प्रक्रिया टुंग्याउने भन्ने विषयमा परिणाम दिनेगरी केही निर्णय भएको छैन ।”

● **हरिबोल गजुरेल**
**नेता, नेकपा माओवादी केन्द्र**



“एकता हुन्छ कि हुँदैन भन्ने विषयमा छलफलमै छौं । एकता हुने भएमा ती दलको स्वरूप कस्तो हुने भन्ने निष्कर्षपछि मात्रै प्रक्रिया अघि बढ्छ ।”

● **प्रकाश ज्वाला**
**उपाध्यक्ष, नेकपा एस**



“माओवादीलगायत कम्युनिस्ट पार्टीसँग एकता, ध्रुवीकरणबारे छलफल गर्न वार्ता टोली बनाएका छौं । छलफलकै चरणमा रहेकाले एकताको मापदण्ड अहिले नै बनाइसकेको छैन”

● **खड्गबहादुर विश्वकर्मा**
**प्रवक्ता, नेकपा**

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २६ असोज

नेपालका कम्युनिस्ट एवं वामपन्थी दलबीच पार्टी एकताको बहस चलेको लामो समय भए पनि कार्यान्वयनको विषय अझै अमूर्त छ । कम्युनिस्ट तथा वाम एकताबाट समाजवादको बाटो तय गर्ने भनेका नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेकपा (विप्लव समूह) र नेसपाबीच हुने भनिएको पार्टी एकताको विषयले मूर्तरूप लिन सकेको छैन ।

विचार-सिद्धान्त मिल्ने पार्टीहरूबीच एकता गरेर अघि बढ्ने निर्णय गरेसँगै एकता प्रक्रियाको औपचारिक छलफलको सुरुवात भएको थियो । तर पछिल्लोपटक यो विषय पुनः ओझेलमा परेको स्वयं नेताहरू बताउँछन् । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमले पुराना दलहरूमा रूपान्तरण र एकताका लागि थप दबाब बढेको छ । राजनीतिमा उदाउँदै गरेका नयाँ शक्ति र पछिल्लो जेनजी मुभमेन्टबाट आएकाहरू समूहसमेत पुराना दलका लागि चुनौती बनेका छन् । यससँगै एकताको गृहकार्यका लागि तीव्रता दिएका वामदलबीच परिणाम निस्कने कुनै आधार तय भएको छैन । एकताको विषयमा विभिन्न दलबीच छलफल भए पनि परिणाम दिने गतिमा जान नसकेको नेकपा माओवादीका नेताहरूले दाबी गरे ।

देशभक्त र वामपन्थी पार्टीबीच सहकार्य एवं एकताबारे छलफल भए पनि अहिले केही निष्कर्षमा नपुगेको माओवादी केन्द्रका नेता हरिबोल गजुरेलले बताए । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# ‘युएईको भिसा पाउनु सगरमाथा चढेजत्तिकै सकस’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असोज

बंगलादेशका अधिकारीहरूले संयुक्त अरब इमिरेट्स (युएई) को भिसा पाउनु नेपालको सगरमाथा आरोहणभन्दा सकसपूर्ण बनेको बताएका छन् । बंगलादेशमा राजनीतिक परिवर्तनका लागि गत वर्ष भएको हिंसात्मक आन्दोलनपछि बंगलादेशका नागरिकका लागि युएईले वर्किङ र भिजिट भिसामा प्रतिबन्ध लगाएको छ ।

भदौ अन्तिम साता नेपालमा भएको आगजनी र लुटपाटपछि नेपालका लागि पनि युएईको भिजिट भिसा रोकिएको छ भने वर्किङ भिसामा औपचारिक जानकारीबिना कडिकडाउ र ढिलासुस्ती गरिएको छ। परराष्ट्र मन्त्रालयका अधिकारीहरूले भिसा सहजताका लागि कूटनीतिक पहल गरेको बताए पनि सहज भएको देखिएको छैन ।

युएईमा बंगलादेशी नागरिकका लागि भिसा पाउन सास्ती रहेकोबारे बंगलादेशको द बिजनेस स्ट्यान्डर्डले आइतबार समाचार छापेको छ ।

समाचारमा भनिएको छ, ‘९-१५ अक्टोबरमा अबुधाबीमा आयोजना हुने अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघको विश्व संरक्षण कांग्रेसमा भाग लिन बंगलादेशको २७ सदस्यीय प्रतिनिधिमण्डलले मुस्किलले भिसा पायो । त्यसका लागि उनीहरूले लगभग दुई महिनासम्म प्रयास गरे । भिसाका लागि उनीहरूले अनगिन्ती कागज बुझाए । ८ अक्टोबरमा उडान थियो । हप्तौंअघि होटल बुकिङ गरेका थिए । तर अक्टोबर ७ मा साँझ ६ बजेसम्म भिसा आएन । त्यसपछि बंगलादेशको परराष्ट्र मन्त्रालयको हस्तक्षेप र उच्चतम स्तरमा अपिलपछि मात्र जहाज छुट्ने बेलामा सरकारी प्रतिनिधिमण्डलको भिसा आयो । भिसा ढिलाइका कारण ६-७ अक्टोबरमा दुबईमा आयोजना गरिएको फोरेक्स एक्सपोमा धेरै बंगलादेशी सहभागीहरूले भाग लिन पाएनन् ।’

भिसा समयमै नआएपछि क्रिकेटर सौम्या सरकारले पनि यस महिनाको सुरुमा टी-२० शृंखला गुमाउनु परेको थियो । भिसा नपाउने यस्ता घटनाहरू चिन्ताजनक भएपनि एक वर्षभन्दा बढी समयदेखि बंगलादेशदेशीहरू सामान्य ठानेर झेल्न अभिसप्त छन् । बंगलादेशी कामदार, व्यापारी र पर्यटकहरूका लागि एक समय भरपर्दो साझेदार रहेको युएईले २०२४ को मध्यदेखि चुपचाप भिसा जारी गर्ने कामलाई लगभग ठप्प बनाएको छ ।

सन् २०२४ को जुलाईमा बंगलादेशमा भएको राजनीतिक उथलपुथलका बीचमा बंगलादेशी कामदारहरू त्यसमा सहभागी भएर विरोध गरेपछि प्रतिबन्धहरू लगाइएका थिए । अनौपचारिक भए पनि प्रतिबन्धहरू त्यसबेलादेखि जारी छन् । त्यसबेलादेखि हजारौं बंगलादेशी कामदार, पर्यटक र सरकारी कर्मचारी अलमलमा परेका छन् । चिकित्सक, इन्जिनियरजस्ता सानो संख्यामा उच्च-दक्ष कामदारले मात्रै भिसा पाएका »» पृष्ठ २ मा

# फेरि खुल्यो सुन तस्करीको फाइल




**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २६ असोज

पूर्वसभामुख कृष्णबहादर महरा पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सुन तस्करीमाथिको अनुसन्धानका क्रममा आइतबार महरालाई नियन्त्रणमा लिएको हो ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको पालामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा नेपालमा सुन भित्रिएको विषयमा अनुसन्धान भएर अगाडि बढेको थियो । केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेपछि रोकिएको थियो । सुशीला कार्कीको नेतृत्वमा सरकार बनेपछि यो फाइल फेरि खुलेसँगै पूर्वसभामुख कृष्णबहादुर महरा पक्राउ परेका हुन् ।

२०७९ साल १० पुस गते फ्लाई दुबईको फ्लाइट नम्बर एफजेट ०५८७ नम्बरबाट काठमाडौं आएका चिनियाँ राहदानी बाहक लि हानसोङले दुईवटा सुटकेस ल्याएका थिए । सो सुटकेसभित्र ७३ वटा बट्टामा ७ सय ३० थान भेप थिए । सो भेपमा सुन लुकाएर ल्याइएको विषय अनुसन्धानमा खुलेको थियो । अवैध रूपमा ल्याइएको ८ करोड ५५ लाख २८ हजार ३ सय ७४ रुपैयाँबराबरको सो सुन तस्करी प्रकरणको फाइल सरकारले फेरि खोलेको हो । सो सुन छुटाउन भन्दै महराले भन्सारमा दबाब दिएको आरोप लाग्दै आएको छ ।

२०८१ साल पुस १९ गते एक चरणको अनुसन्धान सकिएर अगाडि बढेको थियो । त्यसबेला ९ किलो सुन तस्करी प्रकरणसम्बन्धी अनुसन्धानपछि »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ असोज २०८२ सोमबार
13 October 2025 Monday

# प्रचण्डको निवासबाट दुई ट्रकमा दुई करोड लगेको दाबी प्रमाणित गर्न सचिवालयको चुनौती

**काठमाडौं/मस-** नेकपा माओवादी केन्द्रको महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को सचिवालयले जेनजी आन्दोलन सुरु हुनुअघि नै दुई करोड रुपैयाँ दुई ट्रकमा लोड गरेर अन्यत्र सारिएको भन्ने आरोपलाई पूर्ण रूपमा अस्वीकार गरेको छ।

यसका साथै, प्रचण्डको सुरक्षामा तैनाथ सुरक्षाकर्मीहरूलाई घरायसी काममा लगाइएको र उनकी छोरी गंगा दाहालको घरमा आठ जना सुरक्षाकर्मी राखिएको जस्ता दाबीहरूलाई पनि निराधार बताउँदै सचिवालयले सम्बन्धित सञ्चार माध्यमहरूलाई यी कुराहरू प्रमाणित गर्न चुनौती दिएको छ।



प्रचण्डका स्वकीय सचिव गोविन्द आचार्यले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यी आरोपहरू पूर्णतः आधारहीन र नियोजित छन्। हामीले यस्ता सामग्री प्रसारण गर्ने माध्यमहरूलाई सत्यता पुष्टि गर्न आग्रह गर्दछौं।'

यस्ता भ्रामक प्रचारहरू साइबर अपराध कानुनको उल्लंघन भएकोले सम्बन्धित निकायहरूबाट अनुसन्धान र कारबाहीको माग गरिएको छ।

जेनजी आन्दोलनको दोस्रो दिन अर्थात् भदौ २४ गते प्रचण्ड तथा उनकी छोरीहरू रेणु दाहाल र गंगा दाहालको निवासमा आगजनी भएको थियो। आन्दोलनपछि नेपाल प्रहरीका पूर्वएआईजी देवेन्द्र सुवेदीले एक युट्युब अन्तर्वार्तामा प्रचण्डको घरबाट दुई ट्रकमा पैसा ओसारिएको दाबी गरेका थिए। यो भिडियो सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएको थियो, जसले गर्दा यो विवाद चर्किएको हो।

सचिवालयको विज्ञप्तिमा यस्ता सामग्रीहरूलाई 'चरित्रहत्या गर्ने र पूर्वाग्रही' भनेर वर्णन गरिएको छ। यसमा भनिएको छ, 'संविधानले विचार अभिव्यक्ति स्वतन्त्रता दिएको छ, तर यसले अरूको मानहानी गर्न अनुमति दिँदैन। पत्रकार आचारसंहिताको उल्लंघन गर्दै एकतर्फी सामग्री प्रसारण गरिएको छ।'

यसैबीच, सरकारले पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली र प्रचण्डको सुरक्षामा तैनाथ सुरक्षाकर्मीहरूको संख्या घटाएको छ। सुरक्षा कार्यविधिका मापदण्डहरू उल्लंघन भएको भन्दै सरकारले यसलाई आवश्यक कदम भनेको छ। प्रचण्डको सचिवालयले भने सुरक्षाकर्मीहरूलाई घरेलु काममा लगाइएको आरोपलाई पनि खारेज गरेको छ।

# फुट्यो जनमत पार्टी

**काठमाडौं/मस-**जनमत पार्टीबाट अलग भएका नेताहरुले नयाँ राजनीतिक दल 'जनस्वराज पार्टी' दर्ता प्रक्रियामा अघि बढेका छन्। पूर्व उपाध्यक्ष दीपक साहको नेतृत्वमा नयाँ दल दर्ताका लागि आइतबार निर्वाचन आयोगमा निवेदन दिइएको हो। उनले जनमत पार्टीका १५ जना केन्द्रीय कार्यकारिणी सदस्यसहित



अलग समूह बनाएर नयाँ दल दर्ता प्रक्रिया अघि बढाएका हुन्। साहले भने, '५२ सदस्यीय कार्यकारिणीमा रहेका १५ जना हामीले मिलेर नयाँ राजनीतिक विकल्पका रूपमा जनस्वराज पार्टी दर्ता प्रक्रिया अघि बढाएका हौं।'

नयाँ दलमा इञ्जिनियर सुरेन्द्र नारायण यादव, हेमलता रजक, शम्भुनाथ साह लगायतका नेताहरू पनि रहेका छन्। सीके राउत नेतृत्वको जनमत पार्टीभित्र पछिल्ला महिनामा आन्तरिक विवाद बढ्दै गएको थियो।

राउतले नेताहरूमाथि विभिन्न आरोप लगाउँदै स्पष्टिकरण सोध्ने र निलम्बन गर्ने क्रम बढेपछि असन्तुष्ट समूहले नयाँ दल गठनको तयारी गरेको हो।

# शुक्लाफाँटामा आधुनिक फोहोर व्यवस्थापन केन्द्र सञ्चालन

**कञ्चनपुर/मस-** शुक्लाफाँटा नगरपालिकामा आधुनिक एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएको छ।



बजार तथा ग्रामीण क्षेत्रमा उत्सर्जन हुने फोहोरमैला संकलन गरेर केन्द्रमा ल्याइन्छ। केन्द्रमा रहेका सफाइकर्मीले कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहोरलाई छुट्याएर राख्छन्। केन्द्रमा संकलित फोहोरलाई वर्गीकरण गरेपछि कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गरिन्छ भने पुनःप्रयोग गर्न सकिने फोहोरलाई कबाडीमा बिक्री गरिन्छ। ३० करोड २५ लाख लगानीमा निर्माण भएको फोहोर व्यवस्थापन केन्द्र तीन दशमलव नौ हेक्टर क्षेत्रफलमा फैलिएको छ।

करिब छ मेट्रिकटन क्षमता भएको केन्द्रमा अहिले दैनिक दुईदेखि तीन मेट्रिकटन मात्रै फोहोर संकलन भइरहेको एकीकृत फोहोर व्यवस्थापन केन्द्रका इन्जिनियर जयन्त भट्टले जानकारी दिए। 'यो फोहोरमैला व्यवस्थापन मात्रै नभएर प्रशोधन केन्द्र पनि हो, बजारबाट आउने विभिन्न फोहोरलाई यहाँ वर्गीकरण गरिन्छ', भट्टले भने, 'थोरैभन्दा थोरै फोहोर सेलमा राखेर माटोले पुरिन्छ यसले वातावरणलाई असर गर्दैन।'

बिहान फोहोर संकलक गाडी नगरको सहरी र ग्रामीण क्षेत्रमा डुलेर फोहोर संकलन गरेर ल्याउने उनले बताए। केन्द्रमा कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहोरलाई छुट्याएर राखिने र कुहिने फोहोरबाट 'कम्पोष्ट' मल तयार गरेर बिक्री गरिने योजना रहेको इञ्जिनियर भट्टले बताए। यसले वातावरण स्वच्छ राख्न र फोहोरमैलाको उचित व्यवस्थापनमा मात्रै नभई स्थानीयमा रोजगारीको अवसर पनि सिर्जना गरेको छ।

निर्माणको काम सम्पन्न भएपछि गत भदौदेखि फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याइएको निर्माण कम्पन्नी रमन केएस जेभीका साइट इञ्चार्ज उद्धवसिंह साउदले जानकारी दिए।

फोहोरमैला व्यवस्थापन केन्द्रमा १० वटा फोहोर संकलन गर्ने साधन छन्। आठ जना सरसफाइ कर्मचारी राखिएको छ। एसियाली विकास बैंक (एडिबी)को आर्थिक सहयोगमा एकीकृत फोहोर मैला व्यवस्थापन केन्द्र निर्माण भएको हो। रमन केएस जेभी धनगढीसँग २०७९ वैशाख २५ मा निर्माण सम्झौता भएको थियो। फोहोरमैला व्यवस्थापन केन्द्रको क्षमता छ मेट्रिक टन रहेको भए पनि अहिले दैनिक क्षमताको आधा मात्रै फोहोर संकलन भइरहेको छ।

शुक्लाफाँटामा सञ्चालनमा आएको एकीकृत फोहोर व्यवस्थापन केन्द्र कञ्चनपुरको पहिलो हो। यस्तै, फोहोर व्यवस्थापन केन्द्र भीमदत्तमा पनि निर्माण गर्ने तयारी भए पनि त्यसका लागि स्थान नपाउँदा परियोजना फिर्ता भएको छ। स्थानीयले फोहोर व्यवस्थापन केन्द्र निर्माण गर्दा त्यसले वातावरण प्रदूषित हुने भन्दै विरोध गरेपछि परियोजना फिर्ता भएको हो।

फोहोरमैला व्यवस्थापन केन्द्रमा कुहिने फोहोरबाट मलखाद बनाइने र नकुहिने तर पुनःप्रयोग गर्न सकिने वस्तु प्रशोधन गरिने भएकाले यो वातावरणीय प्रदूषण न्यूनीकरण गर्न र स्थानीयस्तरमा आम्दानीको स्रोतसमेत बनेको छ।

## रित्तिंदै...

नीति लिन सुझाएको हो। यो अवधारणामा अगाडि बढे जनसंख्यामा रहेको भौगोलिक असमानता अन्त्य गर्न सकिने अध्ययनको निचोड छ।

जनसंख्याको भौगोलिक असमानताका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले दुई वर्षअघि २०८० साल माघ महिनाअघि गरेको अध्ययनले विद्यमान नीतिमा पुनरावलोकन गर्न सकिने भनेको छ।

हिमाल र पहाडमा किन जनसंख्या घट्यो ? भन्ने कारण केलाइएको छ। अध्ययनअनुसार विभिन्न कारणले तराई र सहरी क्षेत्रमा बसोबास बढ्दो छ। यसलाई रोक्न नीतिगत रूपमै राज्य अगाडि बढ्नुको विकल्प छैन।

यसका लागि नीतिगत व्यवस्था र आवश्यक सहुलियतसहित पहाड र हिमालमा बसोबास बढाउन सकिन्छ। भौगोलिक जनसंख्या स्थिति सन्तुलनमा ल्याउँदै गर्दा नेपालमा थप रोजगारी सिर्जना गर्न र पर्यटनमार्फत मुलुककै आय बढाउन सकिन्छ।

यसका लागि राज्यले हिमाली र पहाडी क्षेत्रमा बसोबास बसाउन ठोस कार्यक्रम ल्याउन सक्छ। उनीहरूका लागि प्रोत्साहन र सेवासुविधासहितको प्याकेज ल्याउन सक्छ।

जनसंख्या अध्ययन केन्द्रीय विभागले अध्ययनले ६ बुँदे रणनीति राज्यले लिन सक्ने सुझाएको छ। ती रणनीतिहरूमा हिमाली र पहाडी जिल्लामा रिभर्स माइग्रेसन कार्यक्रम, सेवानिवृत्त जीवनयापन गरिरहेका विज्ञहरूलाई थातथलोमा आकर्षण, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी आकर्षण कार्यक्रम, युवामैत्री कार्यक्रम, पर्यटनमा युवा आकर्षण र निर्वाहमुखी कृषि प्रवर्धन कार्यक्रमको प्रवर्धनलगायत छन्।

राज्यले ६ रणनीति अख्तियार गर्दा जनसंख्याको भौगोलिक असन्तुलन सन्तुलनमा ल्याउन सक्ने अध्ययनको निष्कर्ष छ।

जुन कुनै तहका सरकार र जुनसुकै तहको कार्यकारी निकायले यसखाले कार्यक्रमको सुरुवात गर्न सक्छन्। कसैले सुरुवात गरे मात्रै पनि यो नेपालको भौगोलिक जनसंख्याको सन्तुलन र आर्थिक विकासका लागि नयाँ फड्को हुने सरोकारवालाहरूको विश्वास छ। उनीहरू यसमा नेपालको समग्र विकासको नयाँ सम्भावनासमेत देख्छन्।

नेपालको समग्र भूभागमा हिमाल र पहाडको क्षेत्रफल धेरै छ। जनघनत्व भने सहर र तराई क्षेत्रमा ज्यादा छ। हिमालको भूगोल ३५ प्रतिशत, पहाडको ४२ प्रतिशत, तराईको १९ प्रतिशत र भित्रीमधेशको ४ प्रतिशत छ।

तर जनसंख्या हिमाल र पहाडमा घट्दो छ। २०७८ को राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्याको ५.९ प्रतिशत जनसंख्या हिमाली क्षेत्रमा छन् भने पहाडमा ४० प्रतिशत जनसंख्या छ। तराईमा ४९ प्रतिशत र भित्रीमधेशमा ५ प्रतिशत जनसंख्या छ। यसकारण पनि अवकाशपछि पहाड पठाउने अवधारणा अगाडि बढाउन आवश्यक छ।

## अनिर्णयको...

उनले मध्यान्हसँग भने, 'पार्टी एकताका लागि को-को तयार भएका हुन् र ती दलबीच के कसरी एकताको प्रक्रिया टुंग्याउने भन्ने विषयमा निष्कर्षमा पुगिसकेको अवस्था छैन। परिणाम दिने गतिमा वार्त अघि बढेको छैन।' यो विषयमा पार्टीभित्र र बाहिरका दलबीच छलफल चलिरहे पनि नटुंगिएको उनको भनाइ छ।

माओवादीले वर्षौंदेखि राखेको विचार मिल्ने पार्टी वा समूहबीच सहकार्य र पार्टी एकता गर्ने विषयले पटकपटक चर्चा पाए पनि पार्टी एकता चर्चामै सीमित रहेको छ। गत साउन १९ गते सम्पन्न माओवादीको स्थायी समिति बैठकले नेकपालगायत कम्युनिस्ट पार्टीहरूसँग एकता गर्ने निर्णय गरेको थियो। पार्टी एकताका आधारभूत पक्ष मिलाउन डेढ वर्षअघि नै वार्ता समिति बनाएर अघि बढेको माओवादी पछिल्लोपटक विप्लव समूहको नेकपाबीच एकताको अन्तिम छलफलको चरणमा रहेको थियो। यद्यपि त्यो प्रयाससमेत सफल नभई नेताहरूबीच संवादहीनताको अवस्थामा थियो।

पछिल्लो जेजनी आन्दोलनका कारण कम्युनिस्ट पार्टीलाई मजबुद बनाउन एकताको विकल्प नभएको निष्कर्षसहित माओवादीसहित नेकपा एस र नेकपा (विप्लव)बीचको छलफल निकै अघि बढिसके पनि केही दिनयता यो विषय फेरि सेलाएको छ। माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीले आफ्नो नीति, विचार, सिद्धान्त, कार्यक्रम र कार्यदिशासँग सहमत हुने वामपन्थी, कम्युनिस्ट तथा समाजवादी पार्टी र समूहहरूसँग पार्टी एकता गर्न र अन्य पार्टी र समूहहरूसँग वर्तमान सन्दर्भमा सहकार्य गर्न पार्टीका तर्फबाट पहलकदमी अघि बढाउने निर्णय भएको समाजवादीका नेताहरूले दाबी गरेका छन्।

एकीकृत समाजवादी र विप्लव नेतृत्वको नेकपाले कम्युनिस्ट पार्टीले समेत एकताका लागि औपचारिक निर्णय गरिसकेका छन्। भदौ ३ गते बसेको एकीकृत समाजवादीको केन्द्रीय सचिवालय बैठकले सम्पूर्ण कम्युनिस्ट, वामपन्थी तथा समाजवादी शक्ति र पार्टीहरूलाई एकताबद्ध भएर अघि बढ्न औपचारिक अपिल जारी गरेको थियो। त्यसयता नेताहरूबीच बाक्लो छलफल भए पनि निर्णयमा पुग्न नसकेको नेकपा एकीकृत समाजवादीका वार्ता समिति संयोजक डा. बेदुराम भुषालले बताए। उनले भने, 'मुलुकमा उत्पन्न विषम परिस्थितिमा वामपन्थी शक्ति गम्भीर हुनु जरुरी छ। यस्तो चुनौतीपूर्ण परिस्थितिमा कम्युनिस्ट आन्दोलन तथा राष्ट्रिय स्वाधीनता र जनक्रान्तिका उपलब्धि रक्षा गर्न सम्पूर्ण कम्युनिस्ट, वामपन्थी तथा समाजवादी शक्ति र पार्टीहरूलाई एकताबद्ध भएर अघि बढ्ने निर्णय गरेका हौं। सोहीअनुसार छलफल अघि बढिरहेको छ।'

यस्तै, नेकपा (विप्लव)ले पनि कम्युनिस्ट एकता गर्ने पार्टी बैठकबाटै निर्णय गरेर एकताका लागि वार्ता टोली नै गठन गरेर एकता प्रक्रियाको सुरुवात गरेको छ। भदौ २३ देखि २६ सम्म कपिलवस्तुमा बसेको केन्द्रीय समिति बैठकले माओवादी केन्द्रसहित विभिन्न कम्युनिस्ट पार्टीसँग एकता र ध्रुवीकरणका लागि प्रवक्ता खड्गबहादुर विश्वकर्माको नेतृत्वमा तीन सदस्य वार्ता समिति गठन गरेको नेकपाले जनाएको छ। नेता विश्वकर्माले भने, 'माओवादी केन्द्रलगायत कम्युनिस्ट पार्टीसँग एकता, ध्रुवीकरणबारे छलफल गर्न अहिलेलाई मेरो संयोजकत्वमा तीन सदस्य वार्ता टोली बनाइएको छ। हामी सबै कम्युनिस्ट तथा वामपन्थी दलहरूसँग एकताका लागि आवश्यक छलफलमै छौं। एकताको अहिले मापदण्ड अहिले नै बनाइएको छैन।'

यसअघि लामो समयदेखि पार्टी एकताको विषयमा समाजवादी मोर्चाका घटकबीच पटकपटक छलफलसमेत हुँदै आएको छ। समाजवादी मोर्चामा माओवादीसहित एकीकृत समाजवादी, नेकपा र महिन्द्रराय यादव नेतृत्वको नेसपा रहेका छन्। मोर्चामा रहेको दल नेसपाका अध्यक्ष यादवले पनि समाजवादी मोर्चाका घटकबीच एकताको विषयमा छलफल भइरहेको बताउँदै आएका छन्। पार्टी एकताका सवालमा दलहरूबीच व्यापक छलफल जारी राखेको बताइए पनि अहिले नै एकता भइहाल्ने अवस्था नरहेको नेताहरूको भनाइले पुष्टि गरेको छ। नेकपा एसका उपाध्यक्ष तथा प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले एकताका विषयमा एक मत नभएका कारण समान मत निर्माण गर्न निरन्तर छलफल भइरहेको बताएका छन्। 'मुख्य कुरा एकता हुन्छ कि हुँदैन भन्ने हो। एकता हुने भएमा एकता गर्ने दलको स्वरूप कस्तो हुने भन्ने विषयमा छलफल होला, अहिले हामीले त्यस्तो छलफल चलाएका छैनौं।'

## युएईको...

छन्। अदक्ष र अर्धदक्ष कामदारहरू रोकिएका छन्। त्यसले बंगलादेशको रेमिट्यान्स प्रवाहको मेरुदण्ड समस्यामा परेको छ।

बंगलादेशको जनशक्ति, रोजगार तथा तालिम ब्युरोको तथ्यांक अनुसार बंगलादेशले यस वर्ष सेप्टेम्बरसम्ममा केवल ८ हजार अर्धदक्ष कामदार मात्र युएई पठाएको छ। जबकि अघिल्लो वर्षको पहिलो ६ महिनामा ४७ हजार १ सय ६६ र सन् २०२३ मा ९७ हजार ८ सय २२ अर्धदक्ष कामदार युएई गएका थिए।

पर्यटक भिसा पूर्ण रूपमा रोकिएका कारण युएईसँगको व्यवसाय 'ध्वस्त' भएको आउटबाउन्ड टुर अपरेटरहरूले बताएका छन्। पर्यटक र ट्रान्जिट भिसा अहिले लगभग शून्य छ। श्रम भिसा पहिलेको तुलनामा जम्मा ५ प्रतिशतमा झरेको छ। युएई जाने एयरलाइन्सहरू पनि यात्रु नपाएर तनावमा छन्। कूटनीतिक प्रयासहरू असफल भएको भन्दै बंगलादेशको परराष्ट्र मन्त्रालयले युएईका अधिकारीहरूसँग यो मुद्दामा दबाब दिइरहेको बताएका छन्, तर प्रगति देखिएको छैन। बंगलादेशको परराष्ट्र मन्त्रालयका प्रवक्ता एसएम महबुबुल आलमले प्रत्येक उच्चस्तरीय बैठकमा भिसा समस्या उठाउने बताएका छन्।

नेपालको अवस्था पनि बंगलादेशको जस्तै हुन थालेको भएपनि वर्तमान सरकारले उपाय निकाल्न ध्यान नदिएको वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो छ। परराष्ट्र मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा छ। वर्षौंदेखि कुटनैतिक सेवामा खारिएको दाबी गर्ने परराष्ट्र मन्त्रालयका कर्मचारी समस्या समाधानको छेउटुप्पो पत्ता लगाउन नसकेर रनभुल्ल जस्तो अवस्थामा देखिन्छन्।

## फेरि...

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयका नासु रेवन्त खड्कासहित ११ जनाविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको थियो।

सम्पत्ति शुद्धीकरण विभागको अनुसन्धान प्रतिवेदनको आधारमा जिल्ला सरकारी वकिल कार्यालयले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। जसमा भन्सारका नासु खड्कासहित सुन प्रकरणमा दिनेश बस्नेत, अमृत कार्की, राम केशव थापा, ललिता थापा, वेदप्रकाश अग्रवाल, साहेब राव, राहुल भनिने रेशम महरा, दावा छिरिङ, रोजन राउत र प्रेरणा थापा जोडिएका थिए। राहुल पूर्वसभामुख महराका छोरा हुन्। राहुल महरा यसअघि नै पक्राउ परेर कारागार चलान भएका थिए।

त्यसअगाडि नै यो प्रकरणमा सिआइबीले आपराधिक विश्वासघात र संगठित अपराधको कसुरमा मुद्दा चलाएको थियो। २०८१ साल भदौ १६ गते यो मुद्दाको फैसला भएको थियो। जसमा खड्कालाई दुई वर्ष ६ महिना कैद र २५ हजार जरिमाना, दिनेश बस्नेतलाई १ वर्ष ६ महिना कैद र १५ हजार जरिमाना, निर्मलकुमार विकलाई ६ महिना कैद र ५ हजार जरिमानाको फैसला सुनाइएको थियो।

त्यस्तै, वेदप्रकाश र साहेव रावविरुद्ध जनही ४५ हजार जरिमाना सुनाइएको थियो। दावा र राहुललाई जनही १ वर्ष दुई महिना कैदको फैसला सुनाइएको थियो। लोकेन्द्रलाई सफाइ दिइएको थियो।

प्रहरी अधिकारीहरूका अनुसार दुई चरणमा अनुसन्धान भइसकेर पनि यो प्रकरणको टुंगो लाग्न सकेको थिएन। राजनीतिक रूपमा यो प्रकरणलाई हेरियो भन्ने आमचासो र गुनासो रहेका बेला वर्तमान सरकारले सुन तस्करीको फाइल फेरि खुलेको हो। अहिलेको अनुसन्धान कुन चरणमा छ र कहाँसम्म पुग्छ भन्ने विषयमा भने प्रहरीले केही बताएको छैन।

# शिवपुर सडक डिभिजनका १० वटा योजनाको ३० करोड बजेट रोकियो, काम अलपत्र

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
कपिलवस्तु, २६ असोज

शिवपुर सडक डिभिजन कार्यालय कपिलवस्तुलाई प्राप्त झन्डै ३० करोड रुपैयाँको बजेट अन्तरिम सरकारले रोक्का गरेपछि वैकल्पिक सडकमार्गका कामहरू अलपत्र परेका छन्। वैकल्पिक सहायक राजमार्ग अन्तर्गतका १० वटा सडक योजनामा परेको बजेट रोकिँदा ठेक्का लागिसकेका कामहरू समेत प्रभावित भएका हुन्।



रोक्का गरिएको योजनामध्ये अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका-२ मा पार्किङ स्थल निर्माण, सन्धिखर्क नगरपालिका-७ सुपादेउराली मन्दिर कम्पाउन्ड व्यवस्थापन, भालुवाङ-नुवाकोट-खन-गुफा हुँदै खरवाङ सडकका ९ करोड रुपैयाँका बजेट समेत रहेका छन्। राष्ट्रिय राजमार्ग अन्तर्गत सन्धिखर्क-गोरुसिंगे सडकमा पर्ने सुपादेउराली मन्दिर अगाडि ढलान गर्ने र सडक विस्तार गर्ने कार्यका लागि ठेक्का प्रक्रियामा पुगेको बेला सरकारले बजेट रोक्का गरेको सडक डिभिजन प्रमुख सबिन कोइरालाले जानकारी दिए।

उनका अनुसार कपिलवस्तुको कार्यक्षेत्रभित्र पर्ने अर्घाखाँचीका सहायक राजमार्गका लागि १८ करोड र कपिलवस्तुका लागि १२ करोड गरी कुल ३० करोड बजेट रोकिँदा स्थानीय निकाय र सरोकारवालाले भौतिक पूर्वाधार तथा अर्थ मन्त्रालयसँग बजेट फुकुवा गर्न अनुरोध गरेका छन्। अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालका अनुसार, बजेट रोकिँदा विभिन्न सडक योजनाको प्रगति रोकिएको छ।

पूर्व-पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिंगे-सन्धिखर्क सडकको विस्तार र मर्मत कार्यका कारण यात्रुहरूलाई सहजता आएको छ। साँघुरो सडक, खाल्टाखुल्टी र जीर्ण पिचका कारण विगतमा जोखिमपूर्ण यात्रामा रहेका सवारी चालकहरू अहिले सहज महसुस गरिरहेका छन्। चालक मेघबहादुर खड्काका अनुसार, सडक फराकिलो र समथर भएपछि यात्रा सहज बनेको छ।

गोरुसिंगे-सन्धिखर्क सडकको लम्बाइ करिब ६८ किलोमिटर र चौडाइ केही ठाउँमा ७ मिटर र केही ठाउँमा ५ मिटर रहेको छ। त्यसमध्ये ६७.५ किलोमिटर सडक कालोपत्रे भइसकेको डिभिजन प्रमुख सविन कोइरालाले बताए। गत आर्थिक वर्ष २०८१/८२ मा अर्घाखाँची सेक्टरमा पहिरो रोकथाम तथा स्तरोन्नति, मर्मत र सडक सुरक्षाका लागि करिब ५ करोड रुपैयाँ बराबरका काम सम्पन्न भए पनि यस वर्ष बजेट रोकिँदा कठिनाइ भएको उनको भनाइ छ।

वर्षा समयमा पहिरोका कारण सडक अवरुद्ध हुने भएकाले सडक सुचारु राख्नका लागि दुईवटा मेसिन – जेसिभी ठाडामा र लोडर नरपानीमा-असारदेखि भदौसम्म स्ट्यान्डबाइ राखिएको थियो। शितगंगा नगरपालिका र सन्धिखर्क नगरपालिका अन्तर्गतका सडक खण्डहरूमा उच्च पहिरो जोखिम रहेकाले प्राविधिक परीक्षणपछि सुधार गर्ने योजना भए पनि बजेटको अभावले त्यो योजना अघि बढ्न नसकेको कोइरालाले बताए।

चालु आर्थिक वर्ष २०८२/८३ मा सडक मर्मत तथा स्तरोन्नतिका लागि राष्ट्रिय राजमार्गले ८ करोड ४० लाख रुपैयाँको बजेट प्राप्त गरेको थियो। गोरुसिंगे-सन्धिखर्क सडक स्तरोन्नतिले गति लिएपछि सुपा देउराली मन्दिरमा आउने धार्मिक पर्यटकहरूको संख्या बढेको छ।

अघिसम्म चट्टानी भीरको साँघुरो सडकका कारण कठिनाइमा यात्रा गर्ने तीर्थयात्रीहरू अहिले सजिलोसँग सवारी साधनमा मन्दिर पुग्न सक्ने भएका छन्। सुपा देउराली खण्डमा रक एंकर प्रविधि प्रयोग गरेर ड्रिल गरी आरसीसी ढलानमार्फत सडक विस्तार गरिएको थियो। यस वर्ष त्यही ठाउँमा थप ढलान र विस्तार गर्ने योजना भए पनि बजेट रोकिँदा त्यसमा ढिलाइ भएको छ।

लाहुरे बजारदेखि सुपा मन्दिरसम्मको सडक पहिले मुस्किलले साढे ४ मिटर चौडाइको मात्र थियो, अहिले सडक डिभिजन सिवपुरले स्तरोन्नति गरेर करिब ९ मिटर चौडाइमा पुऱ्याएको छ। यसले यातायात आवागमनमा सहजता ल्याएको स्थानीय नागरिकहरूले बताएका छन्।

# भाइटिकामा विपिन फर्किने आशामा पुष्पा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असोज

इजरायलमा हमासले आक्रमण गरेपछि अपहरणमा परेका कञ्चनपुरका विपिन जोशी जीवितै रहेको बलियो आधार भेटिएको छ ।

हालै सार्वजनिक जिवित बन्दीहरुको एक अनौपचारिक सूचीमा विपिनको पनि तस्बिर देखिएको छ । पछिल्लो युद्धविरामले विपिनलगायत हमासले बन्दी बनाएर राखेका व्यक्तिहरु छिट्टै छुट्ने सम्भावना बढाएको छ ।

हमासले प्रतिबद्धता पूरा गरे दुई वर्षअघि दसैंतिहारको मुखैमा अपहरित विपिनलाई यसवर्ष उनकी बहिनी पुष्पाले भाइटिका लगाउन पाउनेछिन् । विपिनको रिहाईको सम्भावना बढ्दा उनका बुवाआमापछि सम्भवतः बहिनी पुष्पा खुशी छिन् ।

दाइको सकुशल रिहाइका लागि उनी पटक-पटक काठमाडौं धाइन् । पहल गरिदिन आग्रह गर्दै प्रधानमन्त्रीदेखि परराष्ट्रमन्त्री, इजरायलका राजदूतदेखि राष्ट्रपतिसम्म भेटेर हारगुहार गरिन् । आमा पद्मालाई लिएर विपिनलाई छुटाउन इजरायलदेखि अमेरिकासम्म पुगिन् ।



विपिनको रिहाइको माग गर्दै आमा पद्मा जोशी र बहिनी पुष्पा जोशी इजरायल पुगेर इजरायली राष्ट्रपति, मानवअधिकार संस्था, पत्रकार र विभिन्न कूटनीतिक अधिकारीहरूसँग भेट भेट गरे । पुष्पाले रिहाइको अपिल गर्दै ठूलो सभामा रुँदै भनेकी थिइन्, 'मेरो दाइ युद्धमा संलग्न भएर नभई पढ्न आउनुभएको थियो । म उहाँको छिटो रिहाइ चाहन्छु ।'

विपिनको घरमा बितेका दुई वर्षहरु चाडपर्वहरु आए/गएको पत्तै भएन । चाडपर्वहरु रोएरै बितेको बताउँछिन्, पुष्पा । भाइटिकामा उनले दाजुको लामो आयुको कामना गरिन् । दाजु फर्केको वर्षको प्रतिक्षामा थिइन्, उनी । सम्भवतः यसवर्षको भाइटिकामा पुष्पाले आफ्नो हराएको दाजु पाउनेछिन् । खबरहरु आधिकारिक रुपमा पुष्टि नभए पनि पुष्पा, पद्मा र सिंगो जोशी परिवार त्यो दिन कुरेर बसिरहेका छन् ।

कन्चनपुरका विपिन २३ अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गर्दा किब्बुज अलुमिममा थिए । उनी त्यहाँ सिक्दै-कमाउँदै कार्यक्रम अर्न्तगत पुगेका कृषि विद्यार्थी थिए । एकाएकको हमलामा १० नेपाली मारिए, थुप्रै घाइते भए । हमलापछि सम्पर्कविहीन भएका विपिनलाई हमासले गाजातर्फ अपहरण गरी लगेका धमिलो भिडियो देखिएको थियो । उनी अपहरणमै परेको पुष्टि केही समयअघि सार्वजनिक भिडियोले गऱ्यो । हमासले गाजापट्टी लगेर २५ दिनपछि खिचेको भिडियो सार्वजनिक भएपछि उनी अपहरणमा परेको त पुष्टि भयो तर, दुई वर्षसम्म जिवित रहे/नरहेको चिन्ता भइरहेकाबेला बन्दीहरुको पछिल्लो सूचीले आशा र खुसी सँगसँगै ल्याएको छ ।

अन्तर्राष्ट्रिय मिडियाका अनुसार, इजरायली सुरक्षास्रोतले तयार पारेको २२ जना जीवित विदेशी बन्धकको सूचीमा विपिन जोशी पनि रहेको छ । त्यो सूची सरकारी रूपमा पुष्टि भने भएको छैन । नेपाल सरकार, परराष्ट्र मन्त्रालय र इजरायलस्थित नेपाली दूतावास यसबारे अधिकारिक पुष्टि हुन बाँकी नै रहेको बताइरहेका छन् ।

# 'काउन्सिलले स्वायत्त निकायका रूपमा अनुभूति दिलाउने गरी काम गरोस्'



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले अधिकार सम्पन्न र स्वायत्त निकायका रुपमा आम जनतालाई अनुभूति दिलाउने गरी काम गर्न प्रेस काउन्सिल नेपालका पदाधिकारीलाई सुझाव दिएका छन् ।

प्रेस काउन्सिल नेपालद्वारा आइतबार मन्त्री खरेलको सम्मानमा आयोजित स्वागत कार्यक्रममा उनले आमनिर्वाचन आउँदै गरेको तथा राजनीतिक दलका गतिविधि बढिरहेका बेला काउन्सिललाई परिणाममुखी काम गर्न आग्रह गरे ।

उनले नागरिकस्तरबाट सञ्चालन भएका व्यक्तिगत सामाजिक सञ्जाल राज्यका निकायले अनुगमन र नियमन गरी कारबाहीको दायरामा ल्याउने विषयमा काउन्सिल गम्भीर बन्नुपर्ने बताए । मन्त्री खरेलले मुलुकमा दर्ता भइ प्रेस काउन्सिलमा सूचीकृत हुने सञ्चार माध्यमको जिम्मा राज्यले लिनुपर्ने आवश्यकता औंल्याए ।

प्रेस काउन्सिल आम सञ्चार माध्यमको न्यायालय हो भन्ने मान्यता स्थापित हुनुपर्नेमा मन्त्री खरेलले जोड दिए । उनले भने, 'पछिल्लो समय विज्ञान र प्रविधिको विकाससँगै कानुनलाई परिवर्तित अवस्था अनुरुप अघि बढाउन नसक्दा अनेक चुनौती खडा भएको छ । सामाजिक सञ्जालमा जे-जस्ता मिथ्या, गलत, घृणाजन्य सूचनामार्फत एक अर्कालाई गाली-गलौज, बादप्रतिवाद र आक्रमण गर्ने कार्यले सम्पूर्ण राज्यको समयन्त्र चिन्तित हुनुपर्ने अवस्था छ ।'

मन्त्री खरेलले नेपालमा दर्ता भएका सामाजिक सञ्जालको नियमन गर्ने सन्दर्भमा सचेतनामूलक सन्देश दिने सामग्री प्रसारण गर्न काउन्सिललाई सुझाव दिए । उनले काउन्सिललाई कस्तो खाले जनशक्ति र उपकरण आवश्यक परेको छ र कसरी काम गर्दा सामाजिक सञ्जाललाई नियमन गर्न सहज हुन्छ त्यसको यकिन गरी तत्काल कार्यदल बनाएर काम गर्न पनि सुझाव दिए ।

मुलुक आम निर्वाचनको तयारी गरिरहेको अवस्थामा आचारसंहिताको कार्यान्वयनका लागि प्रभावकारी अनुगमन गर्नुपर्नेमा जोड दिँदै मन्त्री खरेलले भने, 'प्रेस काउन्सिल स्वायत्त निकाय हो, यसलाई मन्त्रालयले हस्तक्षेप गर्दैन । नीतिगत निर्णय र सहयोग गर्न मन्त्रालय तत्पर छ ।'

उनले आमजनता, सरकार र सबै सरोकारबाला निकायको अपेक्षाअनुरुप काउन्सिलले सक्रिय र स्वतन्त्ररुपले काम गरिरहेको छ भन्ने सन्देश प्रवाह गर्न सक्नुपर्ने धारणा राखे । त्यसअवसरमा मन्त्रालयकी सचिव राधिका अर्यालले काउन्सिललाई आवश्यक पर्ने सबै खाले सहयोग उपलब्ध हुने विश्वास दिलाइन् । काउन्सिलका सदस्य एवम् कार्यक्रमका अध्यक्षता गरेका सदस्य बालकृष्ण अधिकारीले काउन्सिलमा प्राविधिक आवश्यक जनशक्ति र बजेटको अभावकाबीच कार्यसम्पादन गर्दै आएको बताए ।

यसअघि काउन्सिलका मुख्य प्रशासकिय अधिकृत झबिन्द्र भुषालले काउन्सिको समग्र वस्तुस्थिति र कामकारबाहीकाबारे जानकारी गराएका थिए ।

# एमालेको ११औं महाधिवेशन मंसिर अन्तिम साता

## संसद् विघटनविरुद्ध अदालत जाने निर्णय

काठमाडौं/मस-नेकपा एमालेले आफ्नो ११औं महाधिवेशन मंसिरको अन्तिम साता आयोजना गर्ने भएको छ । आइतबार बसेको केन्द्रीय सचिवालयको ५८औं बैठकले यो निर्णय गरेको हो ।

पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार महाधिवेशनको मिति र स्थान यही असोज २९ देखि ३१ गतेसम्म बस्ने केन्द्रीय कमिटी बैठकले टुंगो लगाउनेछ ।

यसअघि एमालेको १०औं महाधिवेशन २०७८ मंसिरमा चितवनको भरतपुर र सौराहामा सम्पन्न भएको थियो । मौजुदा केन्द्रीय कमिटीको कार्यकाल पाँच वर्षको भए पनि पार्टीले एक वर्षअघि नै महाधिवेशन गर्न लागेको हो । गत भदौमा ललितपुरको गोदावरीमा सम्पन्न दोस्रो विधान



महाधिवेशनले नीति र विधान तय गरिसकेको छ । आगामी महाधिवेशनले आगामी पाँच वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

बैठकले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक ठहर गर्दै तत्काल पुनःस्थापनाको माग गरेको छ । उपमहासचिव ज्ञवालीले भने, 'यो विघटन असंवैधानिक छ । हामी अदालत खुल्नासाथ संसद् पुनःस्थापनाको मागसहित कानुनी बाटो अवलम्बन गर्नेछौं ।'

गत भदौ २३ र २४ गतेको 'जेनजी विद्रोह' पछि एमाले अध्यक्ष केपी शर्मा ओली सत्ताबाट हटेका थिए। त्यसपछि प्रधानमन्त्री बनेकी सुशीला कार्कीले राष्ट्रपति रामचन्द्र पौडेलमार्फत प्रतिनिधिसभा विघटनको सिफारिस गरेकी थिइन् । एमालेले यो कदमलाई असंवैधानिक ठहर गर्दै संसद् पुनःस्थापनाको पक्षमा उभिएको हो । 'हालका गतिविधिहरू कुनै पनि हिसाबले चुनावमुखी छैनन् । असंवैधानिक विघटनलाई बदर गरी संसद् पुनःस्थापना हुनुपर्छ,' ज्ञवालीले भने ।

# जग्गाको विषयमा विवाद हुँदा एक जनाको मृत्यु

**रौतहट/मस-** रौतहटको फतुवा विजयपुर नगरपालिका-२, सितलपुरमा जग्गाको विषयलाई लिएर दुई पक्षबीच भएको विवाद र कुटपिटमा एक जनाको मृत्यु भएको छ भने अर्की एक जना घाइते भएकी छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मृत्यु हुनेमा स्थानीय ६० वर्षीय शंकर साह बनिया छन् । आइतबार दिउँसो शंकर साह र कपिलदेव यादव पक्षबीच जग्गाको स्वामित्वलाई लिएर विवाद चर्किएको थियो । विवादले उग्ररूप लिँदा कुटपिट भएको र कपिलदेव यादव पक्षबाट भएको आक्रमणमा शंकर साह गम्भीर घाइते भएका थिए ।

प्रहरी इन्स्पेक्टर रामकुमार महतोका अनुसार कुटपिटका कारण गम्भीर घाइते भएका शंकर साहलाई इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियाका इन्स्पेक्टर सुरेन्द्र यादवको टोलीले उद्धार गरी उपचारका लागि वीरगन्जस्थित एलएस न्यूरो अस्पताल पठाएको थियो । तर, उपचारका क्रममा दिउँसो १:३० बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोही घटनामा शंकर साह पक्षको आक्रमणमा कपिलदेव यादवकी ४० वर्षीया श्रीमती मिना देवी घाइते भएकी छन् । उनको अवस्था सामान्य रहेको र उपचार भइरहेको प्रहरीले बताएको छ । प्रहरीका अनुसार कुटपिटमा संलग्न कपिलदेव यादव, ब्रह्मदेव यादव, विनोद भनिने हरदेव यादव र ब्रह्मदेवका छोरा सुरेश यादव हाल फरार छन् । उनीहरूको खोजीकार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/०३/१८ मा दर्ता भएको **प्रा. लि. नं. ८७४३** को **अमात्य टेक्नोलोजिज प्रा. लि.** को मिति २०८२/०६/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**VACANCY ANNOUCEMENT**

One of the reputed recruitment agency is seeking for following applicants.

**Receptionist - 1 (Male/Female)**

Salary Negotiable

Requirements :-
- ★ Qualification: Minimum +2 passed.
- ★ Strong communication, coordination, and Negotiation Skills.
- ★ Ability to work under pressure and meet deadlines.
- ★ Must know the basic computer knowledge.

Note: Fresher's can also apply.

Interested and experienced candidates are requested to mail their updated resume and application to *documention@victorynepal.com*

9851131229, 9709066343

**भिक्टोरी नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ९११/०६७/०६८
सिनामंगल ९, ताराहल चोक, काठमाडौं, फोन नं: ०१४५९०२९६

# बालगृहलाई स्याङ्जा सहयोग समाज कतारको आर्थिक सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
स्याङ्जा, २६ असोज

स्याङ्जा सहयोग समाज कतारले गृह जिल्लाको एक बालगृहलाई आर्थिक सहयोग हस्तान्तरण गरेको छ । अमोर सेवा नेपालद्वारा जिल्लाको फेदी खोला-१ स्याङ्जामा सञ्चालित बालगृहलाई बालगृहकै प्राङ्गणमा आयोजित एक कार्यक्रमका बिच बालगृहकी सञ्चालिका कमला पराजुलीलाइ एक लाख रुपैयाँ नगद सहयोग हस्तान्तरण गरेको हो ।

गत मे १६ मा कतारमा समाजको २०औं वार्षिकोत्सव तथा २१औं स्थापना दिवसको अवसरमा आयोजित 'अनाथ तथा असहाय बालबालिकाहरूको सहयोगार्थ बृहत् सांस्कृतिक कार्यक्रम' मार्फत संकलन भएको रकम मध्यबाट उक्त रकम सहयोग



गरिएको समाजका अध्यक्ष घनश्याम अर्यालले जानकारी दिए ।

जिल्लाभित्रको एक मात्र बालगृहमा हाल ४० जना अनाथ तथा असहाय बालबालिकाहरू रहेको अर्यालले बताए । समाजले केही समय पहिले राम्दीघाट वृद्धाश्रममा समेत आर्थिक सहयोग गरेको थियो ।

समाजका वरिष्ठ उपाध्यक्ष शिवराम ढकालको अध्यक्षतामा तथा स्याङ्जा सहयोग समाज अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष बिरेन्द्रजंग केसीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मार्फत समाजका संरक्षक कमल न्यौपानेले बालगृहमा रहेका मध्ये एक जनालाई निःशुल्क वैदेशिक रोजगार दिने घोषणा गरेका छन् । सोही कार्यक्रममार्फत स्याङ्जा आइसिसीका उपाध्यक्ष मीन क्षेत्रीले २० हजार ५ सय नगद सहयोग गरेका छन् । समाजका संरक्षक भेषराज पराजुलीले सहजीकरण गरेको कार्यक्रममा संस्थापक अध्यक्ष राजेश दर्शन अर्याललगायतको उपस्थिति रहेको थियो ।

# मेयर बालेन र सुदन गुरुङविरुद्ध नेविसंघको उजुरी



**काठमाडौं/मस-** नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ)ले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) र हामी नेपालका संस्थापक सुदन गुरुङविरुद्ध प्रहरीमा उजुरी दिएको छ ।

नेविसंघले भदौ २३ र २४ मा भएको जेनजी पुस्ताको आन्दोलनका क्रममा मेयर बालेन र सुदनले विद्यार्थीहरूलाई स्कुल-कलेजको पोसाकमै आन्दोलनमा सहभागी गराई मानव ढाल बनाएको, राष्ट्रिय सम्पदा, सरकारी तथा निजी सम्पत्तिमा आगजनी र तोडफोड गरेको आरोप लगाएको छ ।

नेविसंघका केन्द्रीय सदस्यहरू मनीषजंग थापा, अशोक सिंह विष्ट र विजय शाहले आइतबार ललितपुर जिल्ला प्रहरी परिसरमा उजुरी दिएका हुन् । यद्यपि, प्रहरीले उक्त उजुरी हालसम्म औपचारिक रूपमा दर्ता गरेको छैन ।

नेविसंघका नेता अशोक सिंह विष्टले २४ घण्टाभित्र उजुरी दर्ता गरी मेयर बालेन र सुदनमाथि अनुसन्धान सुरु गर्न प्रहरीसमक्ष माग गरिएको जानकारी दिए । प्रहरीले सरकारी वकिलसँग परामर्श गरेर जवाफ दिने बताएको उनले बताए ।

नेविसंघले यो आन्दोलनमा विद्यार्थीहरूलाई गलत तरिकाले उक्साएको र सम्पत्ति नष्ट गरेको घटनामा संलग्न व्यक्तिहरूमाथि कडा कारबाहीको माग गरेको छ ।

# मखमली फूलको मालाको उचित मूल्य नपाएको गुनासो



काठमाडौं/मस-नेपालीहरूको दोस्रो ठुलो पर्व अर्थात् फूलहरूको पर्व तिहार नजिकिँदै गएको छ । तिहारमा मखमली, सयपत्री, गोदावरी फूलको माला अधिक प्रयोग हुने गर्दछ ।

भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नम्बर ७ गुण्डुका अधिकांश किसान यतिबेला मखमलीको फूल टिपेर माला उन्नमा व्यस्त देखिन्छन् । तिहारमा मखमली फूलको मालाको अधिक प्रयोग र माग हुने गरेको छ । तर मागअनुसार फूल उत्पादक किसानले भने उचित मूल्य पाउन सकेका छैनन् ।

गुण्डुका अधिकांश किसानले मखमली फूलको खेती गरेका छन् । किसान शहदेव बस्नेतले पछिल्लो वर्षमा परिश्रमअनुसार मालामा उचित मूल्य नपाएको गुनासो गरे । पछिल्लो तीन/चार वर्षदेखि मालाको मूल्य क्रमशः ओरालो लागेको उनले बताए । उनकाअनुसार १० वर्ष अगाडिसम्म मालाको मूल्य प्रतिगोटा ३३ रुपैयाँसम्म थियो । तर हाल प्रतिगोटा १८ रुपैयाँदेखि २३ रुपैयाँसम्ममा माला बिक्री हुने गरेको उनले बताए ।

किसान गंगा थापाको गुनासो पनि बस्नेतको जस्तै छ । उनले पनि दुःख गरेअनुसार मालाको मूल्य पाउन नसकेको बताइन् । २० वर्षदेखि मखमलीको खेती गर्दै आएकी उनले मालामा खासै नाफा कमाउन नसकेको बताइन् ।

उनले मालाको मूल्य निधारण गर्न सरकारसँग माग पनि गरिन् । सरकारले दशैंमा खसी बोकाको भाउ निर्धारण गरेजस्तै तिहारमा मालाको भाउ पनि निर्धारण गर्नुपर्ने उनको भनाइ थियो । उनले यहाँका किसानले मागअनुसार फूल उत्पादन गरेको पनि दाबी गरिन् । उनले मखमली फूलको बीउमा समेत समस्या रहेको बताइन् । किराले काट्ने, धेरै पानी परेमा नउम्रिने, कुहिने लगायतका समस्या हुने उनको भनाइ छ ।

किसान निर्मला बस्नेतले गतवर्षको भन्दा यस वर्ष मालाको माग धेरै रहेको बताइन् । माला लिनका लागि व्यापारीहरू घरमा नै आउने उनको भनाइ छ । उनले यस वर्ष १ हजार २ सय वटा माला बेचिसकेको जानकारी दिइन् । उनले गत साल दुई हजार माला बेचेकी थिइन् ।

**मलेसियामा Security Guard हरूलाई रोजगारीको अवसर**

कम्पनीः DYNAMIC GUARDFORCE SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/२६ — चलानी नं.: ६०२४५९४८ — LT. No.: 331964

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 30 | 0 | स. काममा दक्ष | 1700 | ५६,९६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ३ गते (20 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No.:1643/080/081
Basundhara-3, Kathmandu, Nepal | 014971229 | 015903078, 9851358932
Email - officelangtang@gmail.com, Web:- www.langtangoverseas.com

**साउदिमा रोजगार**

कम्पनी : TOWN POUR SWEETS RESTAURANTS — शहर:RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२६ — चलानी नं.: ६०२४५९४३ — LT. No.:332266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fast Food Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ३ गते (20 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Noor Opportunities Overseas Pvt. Ltd.**
Gov Lic No: 125/055/056
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np

**साउदीमा रोजगार**

कम्पनीः HAYATH AL-SHABAB TRADING ONE PERSON CO — शहरः Saudi
पूर्व स्वीकृत मितिः २०८२/०६/२६ — चलानी नं.: ६०२४५९६६ — L.T. No.: 332169

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 12 | 0 | स. काममा दक्ष | 1400 | ४५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ३ गते (20 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHER RECRUITMENT**
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९११८११
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304,
Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900

मध्यान्ह
www.madhyanhadaily.com
२७ असोज २०८२ सोमबार
13 October 2025 Monday

सम्पादकीय

## हस्तक्षेपले रोकिएका सबै फाइल खोलियोस्

जेनजी विद्रोहपछि बनेको अन्तरिम सरकारले भ्रष्टाचारका फाइल खोल्न सुरू गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अघिल्लो कांग्रेस–एमाले गठबन्धन सरकारको हस्तक्षेपले अनुसन्धान बिचैमा रोकिएको भनिएको नक्कली भुटानी शरणार्थी प्रकरणको फाइल खोलेको छ। एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा सरकार बनेपछि अनुसन्धानमा हस्तक्षेप गरिएको आरोप लागेको फाइल १४ महिनापछि खुलेको हो। त्यस्तै, सुन तस्करी काण्डमा मुछिएका पूर्वसभामुख कृष्णबहादुर महरालाई आइतबार पक्राउ गरी पुनः अनुसन्धान थालिएको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री हुँदा उनलाई उन्मुक्ति दिएको आरोप थियो। महरामाथि भेपमा लुकाएर नौ किलो सुन तस्करीमा संलग्न रहेको आरोप थियो। महरालाई प्रहरीले पक्राउ गरे पनि राजनीतिक दबाबमा सामान्य सोधपुछ गरेर छाडेको थियो। जबकि प्रहरी रिपोर्टमा सुन तस्करीमा संलग्न चिनियाँ नागरिक लुई होनसोङ र दाओनिज वाङलाई विमानस्थलबाट छुटाउन महरा र उनका छोरा राहुलको तारन्तार फोन सर्म्पक गरेको कल रेकर्डबाट खुलेको थियो।

नक्कली भुटानी शरणार्थी प्रकरण र महरा मुछिएको सुन तस्करीको फाइल खोलेर सरकारले विगतमा सत्तासीनहरूले राजनीतिक हस्तक्षेप गरेर अवरोध पुऱ्याएका अनुसन्धानलाई अघि बढाउने संकेत गरेको छ। अन्तरिम सरकारको अर्जुनदृष्टि २१ फागुनमा तोकिएको आमचुनाव भए पनि जेनजी विद्रोहको मूल एजेन्डा सुशासनको आरम्भ र भ्रष्टाचारविरूद्धको कानुनी कारबाहीलाई पनि सँगै लैजानुपर्नेछ। आन्दोलनको उद्देश्य २०८४ मा हुने आमचुनावलाई २०८२ मै सार्नु वा एक थान चुनावी सरकार बनाउनु मात्र पक्कै थिएन। यसले विधिसम्मत सुशासनको बाटो देखाउनुपर्नेछ। दलहरूको मनपरी र अति राजनीतिकरणले आमनागरिकमा उत्पन्न निराशालाई थोरै भए पनि आशामा बदल्नुपर्नेछ।

सत्तासीनहरूले विगतमा प्रहरी/प्रशासनलाई सधैं आफूअनुकूल प्रयोग गर्दै आएका छन्। सरकारमा आउनेहरूले आफ्नालाई उन्मुक्ति दिएर विरोधीलाई मात्र तर्साउने, फसाउने र डाम्ने गरेका छन्। सुदन गुरूङलगायतका केही जेनजी अगुवाका त्यस्तै प्रतिशोधी अभिव्यक्ति सार्वजनिक भएका छन्। अन्तरिम सरकारलाई त्यो प्रतिशोधको बाटो हिड्ने छुट छैन। दल वा अभियुक्तहरूले पनि सरकारले चाल्ने हरेक कदमलाई प्रतिशोधको नजरले हेर्नुभन्दा अनुसन्धानलाई सघाउनुपर्छ। किनभने तथ्य, प्रमाण र अनुसन्धानका क्रममा औंल्याएका संकेतहरूका आधारमा अपराधमा संलग्नमाथि राज्यका निकायले छानबिन गर्नु सदैव स्वागतयोग्य काम हो। चर्चामा आएका यी दुईबाहेक पनि थुप्रै अनुसन्धानका फाइल राज्यसत्ताको छायामा परेर थन्काइएका छन्। ती फाइल खुल्नुपर्छ। तर गैरदलीय अन्तरिम सरकारले आफ्नो कामलाई प्रतिशोध र पूर्वाग्रहबाट भने माथि राख्नै पर्छ। त्यसमा सुशीला कार्की सरकारलाई सफलता मिलोस्।

# जेनजी, खरानी र फिनिक्स

*जेनजी आन्दोलनले खरानी बनाउनु अघि नै यो देश खरानीको थुप्रो भइसकेको थियो। जुन खरानीको थुप्रोमा युवाहरूले सपना फल्छ, फुल्छ र झांगिन्छ भन्ने सोच्न सक्ने वातावरण नै भएन।*

अग्रलेख



● निष्णु थिङ

जेनजी आन्दोलनले अपार सफलता हासिल गरेको छ। यो आन्दोलन अहिलेसम्म भएका देशभित्र र बाहिरको भन्दा भिन्नै र मौलिक प्रकारको छ। जेनजीकै चाहनाबमोजिम अन्तरिम सरकार गठन भएसँगै नेपालको इतिहासमा प्रथम महिला प्रधानमन्त्रीको नयाँ कीर्तिमान कायम भयो। नेपालको इतिहासमा पहिलोपटक युवापुस्ताले सरकार बनाउने काममा प्रभावकारी हस्तक्षेप गरे। कसलाई प्रधानमन्त्री बनाउने र मन्त्रीहरू कसलाई बनाउने पारदर्शी तरिकाले पहिलोपटक युवाहरूले छान्ने अवसर पाए। यो विश्व इतिहासमा पहिलो र दुर्लभ घटना हो। यो अन्तरिम सरकारले प्रतिनिधिसभाको निर्वाचन आगामी फाल्गुन २१ गते तोकिसक्यो। अब ताजा जनादेशले नयाँ सरकार बनाउनेछ।

जेनजी आन्दोलनको मुख्य दुईवटा माग थिए- प्रथम, सामाजिक सञ्जालको बन्द निर्णय फिर्ता र दोस्रो, भ्रष्टाचारको अन्त्य। दलहरूले शासन सत्ता सम्हाल्न थालेको पनि प्रथम जनआन्दोलन २०४७ सालदेखि हो। त्यहाँदेखि यता ३५ वर्ष पुगेछ। जेनजी पुस्ता २८ वर्षमुनिका भएकाले यिनीहरू नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्बहाली भएपछिका हुन्। अझ पहिलो जनआन्दोलन वरपर जन्मेका पुस्तालाई जेनवाई भनिन्छ। जो सन् १९८१ देखि १९९६ बिचमा जन्मेका हुन्। जेनवाई र जेनजी पुस्ताका आधारभूत अन्तर, वाईले माओवादी सशस्त्र युद्ध र दोस्रो जनआन्दोलन प्रत्यक्ष देखेका र भोगेका थिए भने जी पुस्ताले यी दुवै ऐतिहासिक राजनीतिक संघर्ष देख्न, भोग्न र अनुभूत गर्न पाएनन्। त्यसैले, यिनीहरूले यिनै दलहरू र वृद्धहरूको शासन नै देखे। जेनवाई पुस्ताले वृद्ध नेताहरूको शासनविरुद्ध आवाज नउठाएका होइनन्। तर यसरी निर्णायक आन्दोलन नै छेड्न सकेनन्। यो पुस्ता हुर्कंदै गर्दा मोबाइल, सामाजिक सञ्जाल र अन्तर्राष्ट्रिय सूचनाको आदान प्रदान गर्ने माध्यम थिएन। जसले उनीहरूलाई तुरुन्तै सम्पर्क र सञ्जाल स्थापना गर्न सजिलो थिएन। अर्को पक्ष, यो पुस्ताले माओवादी र राज्यको युद्ध र दोस्रो जनआन्दोलनमा हाल शासन गरिरहेका नेताहरूको दुख र संघर्ष देखेका थिए। त्यसैले, एक हदसम्म सहेरै बसे।

सरकारले सामाजिक सञ्जाल दर्ता नभएको नाममा बन्द गरे पनि मुख्य नियत चाहिँ आफ्नो सत्ताविरुद्ध उठेको आवाजलाई नियन्त्रण गर्ने थियो। अभिव्यक्ति स्वतन्त्रतालाई निमिट्यान्न पार्ने सरकारको नियतले गर्दा समग्र परिस्थिति निर्माण भयो। जेनजी पुस्ता यहीँ मोबाइल र सामाजिक सञ्जालसितै हुर्केकाले यिनीहरू यसैमा अभ्यस्त छन्। यो पुस्ताको हरेक कुराको गुरु यहीँ सञ्जालहरू हुन्। उनीहरूका तमाम जिज्ञासा र उत्सुक मनलाई शान्त पार्ने आमाबुवा, गुरुहरू र अग्रजबाहेक भरपर्दो साधन नै यहीँ सञ्जाल हुन्। त्यहीँ सञ्जालबाटै उनीहरूका साथीसंगत, सम्बन्ध र व्यवहार जोडिएका थिए। स्टार्टअप युवाहरूका उद्यमहरू पनि यहीँ सञ्जालमार्फत नै सञ्चालन भएका छन्। यहीँ पृष्ठभूमिमा उनीहरूले राजनीतिक दलका नेता र उच्चपदस्थ व्यक्तिहरू अनि उनका छोराछोरीका विलासी जीवनशैली र हाइफाई देखेर खिन्न भएको बेला विश्वका विभिन्न देशमा चलेका नेपो बेबी र नेपो किड विचार प्रवाहबारे जान्न र बुझ्न पाए। त्यहीँ विचार प्रवाहको जगमा उठेका आन्दोलनको पनि रापताप प्रत्यक्ष हेरिरहेका, विश्लेषण र मनन गरिरहेका थिए। जसले उनीहरूलाई भित्रभित्रै आन्दोलित गरिरहेको थियो।

आजका अधिकांश जेनजी पुस्ताका बुवाआमा वा परिवारका कोही न कोही वैदेशिक रोजगारीमा छन्। दिनरात दुःख गर्दा पनि आफ्नो परिवारको आर्थिक स्थितिमा कुनै आधारभूत रूपान्तरण आएको उनीहरूले घरमै प्रत्यक्ष देखिरहेका र भोगिरहेका थिए। तर, छरछिमेक र समाजमा भने भिन्नै दृश्य देखे। विभिन्न राजनीतिक दल र राज्यका उच्च पदमा रहेका व्यक्तिहरूको रातारात आर्थिक प्रगति देखेर चकित पर्दै आफैंलाई प्रश्न गरिरहेको र कतिपय अवस्थामा आफैंलाई दोष्याइरहेको थियो। आफ्ना दौंतरीहरूको जीवनशैली देखेर त्यसको स्रोत के हो ? यस्तो महँगो जीवनशैली कसरी सम्भव हुन्छ ? यस्तै प्रश्नहरूले यो पुस्तालाई घोचिरहेको थियो। लाखौं पर्ने मोबाइल, ल्यापटप, गाडी र महँगा लुगाफाटा र देशविदेशका सपिङ मलमा गएर गरेका किनमेल, जन्मदिनको महँगो पार्टी र उपहारजस्ता गतिविधिले उनीहरूलाई चिन्तन र मनन गर्न बाध्य पारिरहेको थियो। आफ्नै उमेर समूहका साथीहरूको सामाजिक सञ्जालहरू जस्तैः फेसबुक, इन्स्टाग्राम, टिकटक, युट्युबजस्ता माध्यमबाट थाहा पाइरहेका पनि थिए।

आफ्नो र ती साथीहरूको जीवनस्तरलाई तुलना गर्ने र त्यसका सामाजिक, आर्थिक, राजनीतिक र विभिन्न कारणहरूको खोजी गर्दै जाँदा यसको जराकिलो भ्रष्टाचार पाए। उनीहरूका वैदेशिक रोजगारीमा भएका आफन्तले देशको ढुकुटीमा एक तिहाइ योगदान गरिरहेको र देशभित्रै रहेकाहरूले पनि प्रशस्तै कर तिरेको राजस्व भ्रष्टाचार गरेर एकथरि सम्भ्रान्तहरू मोजमस्ती गर्ने र अर्कोथरि मरिमरी राज्यको ढुकुटी भर्ने सामान्यजनका दैनिक जीवन पनि मुस्किल हुँदै गइरहेको परिप्रेक्ष्यमा जेनजीको आन्दोलनले समाजको गर्भमा भित्रभित्रै भुइँचालो तयार पार्दै थियो। राज्यका उच्च पदमा रहेका र ती व्यक्तिहरू र संस्थासित



हिमचिम गरेर अकुत धन कुम्ल्याएका स्थितिले कुशासन थोपरिरहेको थियो। त्यस्ता कुशासनबाट आजित पुस्तालाई सरकारले यहीँ भदौ १९ गते सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले समाजको गर्भभित्र उम्लिरहेको भुइँचालो विस्फोट हुने केन्द्रबिन्दु (इपिसेन्टर) दियो। परिणामतः भदौ २३ र २४ गते ठुलै रेक्टरको भुइँचालो आयो र सबै चिज तहसनहस गऱ्यो।

जेनजी आन्दोलनले सबैभन्दा बढी फाइदा विभिन्न दलभित्र संघर्ष गरिरहेका युवाहरूलाई पुऱ्याएका छन्। ती युवा दलभित्र वृद्ध पुस्तासित लड्दा लड्दै आफैं बुढा हुन थालेका छन्। कसैगरी ती युवाहरूले जित्न सकेका छैनन्। विभिन्न जालझेल, षडयन्त्र, साम, दाम, दण्ड र भेदका नीति अपनाएर ती युवाहरूलाई निस्तेज गर्दै आएको छ। गगन थापा, विश्वप्रकाश शर्मा र राम कुमारी झाँक्रीहरू त्यसका ज्वलन्त उदाहरण हुन्। पंक्तिकारको पनि यससम्बन्धी कटु अनुभव छ। बुढा पुस्ताको विकल्पमा निरन्तर आवाज उठाउने र सम्झौताहीन वैचारिक र सैद्धान्तिक संघर्ष गरेको कारणले गर्दा मलाई करिब १० वर्षअगाडि २७ वर्षको उमेरमा अनुचित आरोप लगाएर पाखा लगाउन खोजे। त्यस्तो अन्यायविरुद्ध र न्यायका लागि कठिन संघर्ष गरे तर न्याय पाउनु त कताकता बुढाहरूले मलाई बिरालोले मुसा खेलाएझैं गरे। अन्ततः निराश भएर २०औं वर्ष पसिना बगाएको दल छाडेर स्वतन्त्र बस्नुपरेको पीडा अझै आलै छ। यस्तो राजनीतिक परिवेशमा जेनजी आन्दोलनले बुढा पुस्तालाई यो सुनामीले बगायो र डुबायो। यसरी राजनीतिक दलमा भएका युवाहरूले वर्षौंदेखि गर्न नसकेको काम यो आन्दोलनले दुई दिनमै गरेको छ। त्यसैले जेनजी आन्दोलनलाई धन्यवाद दिँदै कृतज्ञता व्यक्त गर्नु नै बुद्धिमत्तापूर्ण हुनेछ। तर विडम्बना भन्नै पर्छ, ती दलका युवाहरू जेनजी आन्दोलनको विरुद्ध पुनः सडकमा नारा जुलुस गर्न थालेका छन्।

जेनजी पुस्ताको दुई दिन चलेको आन्दोलनले सबै चिज खरानी बनायो। हाम्रो संघीय संसद्, सिंहदरबार, सर्वोच्च अदालत, प्रमुख दल कार्यालय, नेताको घर, सत्तासित चोचोमोचो मिलाएर फाइदा उठाउने होटल, व्यापारिक केन्द्र, सरकारी भवन सबै ध्वस्त बनायो। देशभरि कति क्षति कुनकुन क्षेत्रमा भए ? त्यो सरकारले तथ्यांक संकलन गर्दै छ। यो आन्दोलनले भौतिक संरचना मात्रै भत्काएका छैनन्, साथमा हाम्रो राजनीतिक व्यवस्था र सत्तासीन दलहरूको वैचारिकी पनि ध्वस्त बनाएका छन्। आन्दोलनको स्वरूप र माग हेर्दा सामाजिक सञ्जाल (अभिव्यक्ति स्वतन्त्रता) र भ्रष्टाचारविरोधी भए पनि यसले स्थापित मूल्यमान्यता, राजनीतिक विचार, शासन प्रणाली, प्रशासकीय व्यवस्थापनमाथि आक्रमण गरेको छ। वृद्ध नेताहरूको कुर्सी मोहमाथि प्रहार गरेको छ। मूल रूपमा वृद्धहरूको शासनको अन्त्यका लागि नयाँ सामाजिक र राजनीतिक मार्गचित्र कोरेको छ। यसले पुरानो भौतिक र मानसिक संरचनालाई खरानी बनाएको छ। दुई दिन चलेको यो सुनामीले हाम्रो सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक व्यवस्था र संरचनालाई धुलोपिठो बनाएर गएको छ।

> *जलेका रोम सहर पनि जुरमुराएको इतिहास हाम्रै सामु साक्षी छ। हामी उड्न सक्छौं। हाम्रो सिंगो देश फिनिक्स चराजस्तै खरानीबाट पुनः नयाँ जीवन, उमंग र सपना लिएर उड्नुपर्छ। हाम्रा युवाहरूले सपना देख्न सक्ने देश बनाउनुपर्छ।*

अहिले जता हेऱ्यो उता खरानी मात्रै देखिन्छ। यसको दीर्घकालीन महत्व र प्रभाव रहनेछ। अहिलेसम्म गाडेर बसेको हाम्रो अर्थ राजनीतिक संरचना र व्यवस्थाको जरा उखेल्ने काम भयो। २०७२ को भूकम्प प्राकृतिक थियो, जसले भौतिक र मानवीय क्षति पुऱ्याएर गयो। तर यो जेनजी आन्दोलनले हाम्रो चिन्तन प्रणाली र आचरण पद्धतिलाई पनि खरानी बनाएको छ।

जेनजीको आन्दोलनबाट अहिले देश खरानी भएको छ। हाम्रा राष्ट्रिय सम्पदा सबै खरानी भएका छन्। अहिलेसम्म शासन गरिरहेका दलहरूका वैचारिकी खरानी भएको छ। भौतिक संरचना खरानी भएको भन्दा भयावह स्थिति त के हो भने हाम्रा युवा पुस्ताले यो देशमा सपना देख्न सकेनन्, यहाँ पनि सपना अकुंराउँछ, फुल्छ र फल्छ भन्ने सम्भावना नै देखेनन्। यो देश युवाहरूका लागि मरुभूमि भए र हाम्रा शासकहरूले मृत्यु-उपत्यका (डेथ भ्याली) बनाए, जहाँ युवाहरूले गरिखान सक्ने कुनै सम्भावना देख्न सकेन। युवा पुस्ताले सपना नै देख्न नसक्ने देश बनाएछ। युवाहरूका सामूहिक सपनाको चिहान बनेको देश अहिले भएका भौतिक क्षतिभन्दा कैयौं गुणा खतरनाक र डरलाग्दो अवस्था हो। केही समय अगाडि एक जना युवा प्रेम आचार्यले नयाँ बानेश्वर संघीय संसद् भवनअघि पेट्रोल छर्केर आत्मदाह गरेका थिए। यति हुँदा पनि हाम्रो सरकार र शासन गर्ने दलहरू चेतेनन्।

जेनजी आन्दोलनले खरानी बनाउनुअघि नै यो देश खरानीको थुप्रो भइसकेको थियो। जुन खरानीको थुप्रोमा युवाहरूले सपना फल्छ, फुल्छ र झांगिन्छ भन्ने सोच्न सक्ने वातावरण नै भएन। तर, यस्तै खरानीको थुप्रोबाट एउटा चरा नयाँ जीवन लिएर उड्ने प्राचीन युनानी मिथक छ। यो चराको नाम फिनिक्स हो। यो फिनिक्स चराको आयु लामो हुन्छ। यो चराको आयु ५ सय वर्षसम्मको हुन्छ। यो चराले जब आफ्नो मृत्युको आभास गर्छ, आफैंलाई जलाउँछ र जलेको खरानीबाट नयाँ जीवन लिएर फेरि आकाशमा उड्छ। अब यहीँ खरानीबाट हामी पुनः फिनिक्स चराजस्तै नयाँ जीवन लिएर निलो आकाशगंगामा उड्नुपर्छ। दोस्रो विश्वयुद्धमा जापानको नागासाकी र हिरोसिमा अणु बम खसालेर ध्वस्त बनाएका सहर पुनः उठ्यो। त्यसैगरी, जलेका रोम सहर पनि जुरमुराएको इतिहास हाम्रै सामु साक्षी छ। हामी उड्न सक्छौं। हाम्रो सिंगो देश फिनिक्स चराजस्तै खरानीबाट पुनः नयाँ जीवन, उमंग र सपना लिएर उड्नुपर्छ। हाम्रा युवाहरूले सपना देख्न सक्ने देश बनाउनुपर्छ। यहीँ खरानीको थुप्रोमा यो देशमा पनि केही हुन्छ भन्ने आत्मविश्वास जगाउन आवश्यक छ।

**(लेखक, नेपाल खुल्ला विश्वविद्यालयमा प्राध्यापन गर्दछन्।)**

## इतिहासमा आज

१३ सेप्टेम्बर २०१३ मा तालिबान विद्रोहीहरूले अफगानिस्तानको हेरातमा रहेको संयुक्त राज्य अमेरिकाको वाणिज्य दूतावासमा आक्रमण गरेका थिए। जसमा अफगान राष्ट्रिय प्रहरीका दुई सदस्यको मृत्यु भएको थियो भने लगभग २० जना सर्वसाधारण घाइते भएका थिए।



१३ सेप्टेम्बर २००७ मा आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्रमा संयुक्त राष्ट्र संघको महासभाले अनुमोदन गरेको थियो।



१३ सेप्टेम्बर १९९७ मा नामिबिया नजिकै जर्मन वायु सेनाको टुपोलेभ टु-१५४ र संयुक्त राज्य वायु सेनाको लकहिड सी-१४१ स्टारलिफ्टर हावामा ठोक्किएर ३३ जनाको मृत्यु भएको थियो।



१३ सेप्टेम्बर १९८७ मा ब्राजिलको गोइयानियामा रहेको एक अस्पतालबाट रेडियोधर्मी वस्तु चोरी भयो। जसले गर्दा धेरै मानिसहरू रेडियोधर्मीबाट संक्रमित भए र केहीको मृत्यु भयो।



## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

बौद्धिक जमात खुइलिएको छ। पूरै समाज विघटनमा छ। लौ है, यो सामूहिक राष्ट्रिय असफलताको खाडलबाट नेपाललाई निकाल्न आ-आफ्नो ठाउँबाट पहल गरौं। मुलुक आम अराजकताको 'ब्लैक-होल'मा फस्दै छ। सबै मिलेर निर्वाचनमा जाने माहौल सिर्जना गरौं। अर्को उपाय छैन।

अब समय सापेक्ष परिवर्तन हुनुपर्छ राजनीतिक नेतृत्वमा। जसरी जेनजीका पुस्ताले उभार ल्याउनु भएको छ, त्यसैगरी हिक्मत आँट साहस देखाउनुपर्छ। ऋतुराज वसन्त आएसँगै पुराना पहेंलपुर पातहरू झरेर जान्छन्, नयाँ पात आउँछन्, राजनीतिमा पनि असफल असक्षम अयोग्यलाई हटाउनुपर्छ।




**प्रेमकान्त अधिकारी**

छिमेकी र विदेशीको सहभागिताबिना २००७ सालदेखिका हाम्रा कुनै पनि क्रान्ति र आन्दोलन सफल भएका छैनन्। छिमेकी र विदेशीको कुनै न कुनै साथ, सहयोग र प्रत्यक्ष सहभागिता बिना हाम्रा आन्दोलन र क्रान्ति सफल नभएको पृष्ठभूमि विचार गरेर अघि बढ्नु र त्यो सत्यलाई स्विकार्नु आजको मूल मर्म हो।



**अनिल गिरी**

न त विदेशी सेना आउँछ, न त कसैले यो देश कब्जा गर्न सक्छ। केही मुठ्ठीभरका शासकहरूले डर र त्रास फैलाएर आफ्नो लुटको स्वर्ग बचाउन अनेक भ्रम छरिरहेका छन्। त्यसैले यो देशमा हामी सबैले आ-आफ्नो ठाउँमा सुध्रिएर देशलाई एकताबद्ध बनाई समृद्धिको दिशामा अघि बढ्न आवश्यक छ।



**रोशन खड्का**

# अमेरिकी भिसा नीतिमा परिवर्तनको अर्थ

विचार



● शंकरमान सिंह

> *एच-वान-बी भिसा नीतिमा गरिएको परिवर्तनलाई अमेरिका सदैव खुलेको देश रहेको छ भन्ने अवधारणाको समाप्तिको संकेतको रूपमा समेत हेरिएको छ। यद्यपि अमेरिकी प्रशासनले यसको उद्देश्य अमेरिकी कामदारको रोजगारी संरक्षण भएको दाबी गर्छ।*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ कार्यकारी आदेश जारी गर्दै एच-वान-बी भिसा आवेदनका लागि अब १ लाख अमेरिकी डलर शुल्क लाग्ने व्यवस्था गरे। यो शुल्क पहिलेको २ हजारदेखि ५ हजार डलरको तुलनामा अत्यधिक वृद्धि हो। यस कदमले विशेषगरी भारत र नेपालजस्ता विकासशील राष्ट्रबाट अमेरिकामा रोजगारी खोज्ने दक्ष जनशक्तिका लागि गम्भीर अवरोध सिर्जना गर्ने सम्भावना देखिन्छ।

अमेरिकाको प्रविधि उद्योग गुगल, माइक्रोसफ्ट, अमेजनलगायत कम्पनीमा एच-वान-बी भिसामार्फत विदेशी दक्ष जनशक्तिमा ठुलो मात्रामा निर्भर छ। शुल्क वृद्धिले यस्ता कम्पनीको प्रतिभा अधिग्रहण प्रक्रिया झनै कठिन बनाउनेछ, जसले अन्ततः उनीहरूलाई आफ्ना अनुसन्धान तथा विकास केन्द्रहरू विदेशमा खोल्न बाध्य पार्न सक्छ।

एच-वान-बी भिसा नीतिमा गरिएको परिवर्तनलाई अमेरिका सदैव खुलेको देश रहेको छ भन्ने अवधारणाको समाप्तिको संकेतका रूपमा समेत हेरिएको छ। यद्यपि अमेरिकी प्रशासनले यसको उद्देश्य अमेरिकी कामदारको रोजगारी संरक्षण भएको दाबी गर्छ तर यसले अमेरिकी अर्थतन्त्र र विश्वव्यापी प्रविधिमा अमेरिकाको नेतृत्व क्षमतामा नकारात्मक असर पार्ने सम्भावना देखिन्छ।

भारत र नेपालजस्ता देशका लागि यो निर्णय एकै साथ चुनौती र अवसर दुवै लिएर आएको छ। सन् २०२२ देखि २०२४ सम्म नेपालबाट एच-वान-बी भिसा प्राप्त गर्ने नेपालीहरूको संख्या क्रमशः ६ सय १३, ७ सय ८८ र ७ सय ८० पुगेको छ। यस्ता तथ्यांकले नेपालमा यो कार्यक्रमप्रति बढ्दो आकर्षण र निर्भरता देखाउँछ।

भारतका लागि त झनै गम्भीर असर पर्ने देखिन्छ किनकि एच-वान-बी भिसा प्राप्त गर्ने करिब ७० प्रतिशत व्यक्ति भारतीय नागरिक छन्। भारतीय सूचना प्रविधि कम्पनीहरूमा यसको तत्काल प्रभाव पर्नेछ र भारतको प्रमुख व्यावसायिक संगठन नासकोमले पनि यसप्रति गम्भीर चिन्ता व्यक्त गरिसकेको छ।

यस्तो नीति अमेरिकी कम्पनीहरूकै लागि घाटा हुने कदम साबित हुन सक्छ। प्रविधि उद्यमी एलन मस्कले पनि अमेरिकाभित्र पर्याप्त स्वदेशी प्रतिभा नहुनुका कारण प्रविधि क्षेत्रमा विदेशी कामदारहरूको आवश्यकता रहेको स्पष्ट पारेका छन्। अमेजनले सन् २०२५ मा मात्र १० हजारभन्दा बढी एच-वान-बी भिसा स्वीकृति पाएको तथ्यले पनि यो आवश्यकताको पुष्टि गर्छ।

यदि विदेशी प्रतिभाको पहुँचमा यति ठुलो अवरोध खडा गरियो भने अमेरिकी कम्पनीहरूले भारतलगायतका देशमा आफ्ना मुख्य अनुसन्धान केन्द्र खोल्न थाल्न सक्छन् - जुन अमेरिकी अर्थतन्त्रका लागि दीर्घकालीन घाटाको विषय बन्न सक्छ।

ट्रम्प प्रशासनको नीति निर्माणलाई विश्लेषकले केन्द्रीकरण, निजीकरण र सामाजिक तथा कानुनी मूल्यहरूको बेवास्ता गर्ने प्रवृत्तिका रूपमा चित्रण गरेका छन्। आप्रवासीहरूलाई अपराधी वा करदातामाथिको बोझको रूपमा चित्रण गर्दै आप्रवासन प्रणालीलाई दमनकारी ढंगले प्रयोग गरिँदै छ। यसरी शक्ति केन्द्रित नीति व्यवस्थाले विश्वव्यापी आर्थिक र राजनीतिक प्रणालीलाई अमेरिकाको हितमा पुनः संरचना गर्ने प्रयास गरेजस्तो देखिए तापनि व्यवहारमा यो सत्ताधारी अभिजात वर्गको लाभमा केन्द्रित देखिन्छ।

यो परिवर्तन भारत र नेपालजस्ता देशहरूका लागि 'ब्रेन गेन'को सम्भावनासमेत बन्न सक्छ। विदेश जान नपाएका दक्ष व्यक्ति स्वदेशमै रहेर स्थानीय प्रविधि उद्योग, स्टार्टअप तथा नवप्रवर्तनमा योगदान दिन सक्छन्। यद्यपि अमेरिकाजस्तो पूर्वाधार, पुँजी पहुँच र उद्यमशील वातावरण एक्कासि विकास गर्न असम्भव छ। त्यसैले, आत्मनिर्भरता नाममा आफूलाई बन्द गर्ने होइन बरु यसलाई जागरणको अवसरका रूपमा लिएर, आफ्नो ज्ञान, सीप, र नवप्रवर्तन क्षमतालाई विकास गर्दै जानुपर्छ।

यो निर्णयले दुवै पक्षलाई असर गर्नेछ- दक्ष कामदारका लागि 'अमेरिकी सपना' टाढा बन्दै जानेछ भने अमेरिकी कम्पनीहरूले आत्म-प्रेरित क्षति भोग्नेछन्। भारत, नेपाललगायतका देशहरूले यो अवस्थालाई अवसरमा रूपान्तरण गर्दै विश्वव्यापी प्रतिभालाई आकर्षित गर्न सक्ने वातावरण निर्माण गर्नुपर्छ- ठिक त्यसरी नै जसरी अमेरिका वर्षौंदेखि विश्वभरका प्रतिभालाई तान्दै आएको छ।

# हिमालयन बैंकमा रहेको हबिबको सेयर नेसनल लाइफलाई बेच्न राष्ट्र बैंकको स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं २६ असोज

पाकिस्तानको हबिब बैंकले हिमालयन बैंकमा रहेको सेयर नेसनल लाइफ इन्स्योरेन्सलाई बिक्री गर्न नेपाल राष्ट्र बैंकले स्वीकृति दिएको छ। हिमालयनको बैंकको २ करोड ८० लाख १२ हजार ४ सय ४७ कित्ता सेयर १ सय १८ रुपैयाँ ८८ पैसामा किनबेचका लागि हबिब र नेसनल लाइफबीच सम्झौता भएको थियो।

दुवै पक्षबीच भएको सम्झौताअनुसार आइतबार सेयर खरिदबिक्रीका लागि राष्ट्र बैंकले स्वीकृति दिएको हो। अब नेसनल लाइफ इन्स्योरेन्सले हबिब बैंकको स्वामित्वमा रहेको हिमालयन सेयर आफ्नो नाममा ल्याउने प्रक्रिया अघि बढेको हो। नेसनलले हबिब बैंकले प्रतिकित्ता १ सय १२ रुपैयाँका दरले सो सेयर बिक्रीमा राखे पनि बोलकबोलमा नेसनल लाइफ इन्स्योरेन्सले प्रतिकित्ता १ सय १ रुपैयाँ ८८ पैसामा खरिद गरेको हो। हिमालयन बैंकमा नेसनल लाइफको १ दशमलव २५ प्रतिशत सेयर स्वामित्व छ। यो सेयर खरिदपछि नेसनल लाइफको स्वामित्व १४ प्रतिशत पुग्नेछ।




हबिब बैंकले हिमालयन बैंकबाट सेयर बेचेर सात वर्षदेखि नै बाहिरिन चाहे पनि प्रक्रिया नमिल्दा बिक्री रोकिएको थियो। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया)को प्रावधानअनुसार कुनै पनि बैंक वा वित्तीय संस्था सञ्चालनको पाँच वर्षसम्म संस्थापक सेयर बिक्री नगर्न नपाइने व्यवस्थाका कारण रोकिएको थियो। त्यस्तै, २ प्रतिशतभन्दा बढी सेयर स्वामित्व भएका कम्पनी वा संगठित संस्थाले आफ्नो सेयर बिक्री गर्न राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने प्रावधान ऐनमा भएकाले पनि हबिबले सेयर बिक्री गर्न सकेको थिएन। पाकिस्तानको हबिब बैंकले हिमालयन बैंकमा रहेको सेयर नेसनल लाइफ इन्स्योरेन्सलाई बेच्ने साउनको अन्तिम साता दुवै संस्थाबीच सम्झौतामा हस्ताक्षर भएको थियो। हिमालयन बैंकले गत जेठ ३० गते ३५ दिने सूचना जारी गरी हबिबको नाममा संस्थापक सेयर खरिदका लागि संस्थापक सेयरधनीबाट प्रस्ताव आह्वान गरेको थियो। सूचनामा बैंकको सेयर मूल्य न्यूनतम मूल्य प्रतिकित्ता १ सय १२ रुपैयाँ ८० पैसा तोकिए पनि नेसनल लाइफले प्रतिकित्ता ६ रुपैयाँ ८ पैसा बढीमा खरिद गर्ने प्रस्ताव गरेको हो।

# २३ अर्ब २२ करोडबराबर पुग्यो बिमा दाबी




**काठमाडौं/मस-** गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण क्षति भएका भौतिक संरचनाको हालसम्म २३ अर्ब २२ करोड ७८ लाख रुपैयाँबराबरको बिमा दाबी गरिएको छ। नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको पछिल्लो विवरणअनुसार निर्जीवन बिमा कम्पनीहरूले १ अर्ब ५८ करोड ५६ लाख रुपैयाँबराबरको भुक्तानी गरिसकेका छन्।

बिमाबापतको रकम सहज र शीघ्र रूपमा उपलब्ध गराउन प्राधिकरणले देखाएको सक्रियताका कारण धमाधम अग्रिम रूपमा भुक्तानी गरिएको जनाइएको छ। हालसम्म कुल ३ हजार ९९ बिमा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ। कुल दाबीमध्ये सम्पत्ति बिमा ६ सय ५३, मोटर बिमा २ हजार २ सय ६, इन्जिनियरिङ तथा ठेक्का जोखिम बिमा १ सय ९०, परिवहन बिमा १२ र अन्य बिमा ३८ रहेका छन्।

त्यसैगरी, कोशी प्रदेशमा ३ सय ९६, मधेसमा ३ सय ५५, बागमतीमा १ हजार ६ सय ६९, गण्डकीमा २ सय १२, लुम्बिनीमा २ सय ४६, कर्णालीमा २२ र सुदूरपश्चिम प्रदेशमा १ सय ९९ बिमा दाबीको आवेदन परेको छ। प्राधिकरणका अनुसार यो विवरण यही असोज २३ गतेसम्मको हो।

प्राधिकरणका अनुसार सिद्धार्थ इन्स्योरेन्स कम्पनीमा सर्वाधिक बढी अर्थात् ५ अर्ब ६१ करोड ४४ लाखबराबरको बिमा दाबीको आवेदन परेको छ। सो कम्पनीले ५९ करोड ४४ लाखबराबरको रकम बिमितलाई भुक्तानी गरेको छ। त्यसैगरी, द ओरियन्टल इन्स्योरेन्समा ५ अर्ब २४ करोड ४७ लाखबराबरको बिमा दाबीको आवेदन परेको छ। सो कम्पनीले ५ लाख ७० हजारबराबरको रकम भुक्तानी गरेको छ।

आइजिआई प्रुडेन्सियल इन्स्योरेन्समा २ अर्ब ७५ करोड ९७ लाखबराबरको बिमा दाबीको आवेदन परेको छ। सो कम्पनीले ३० करोड ४३ लाखबराबरको रकम बिमितलाई वितरण गरेको छ। शिखर इन्स्योरेन्समा २ अर्ब ४० करोड ८६ लाखबराबरको बिमा दाबी भएको छ। सो कम्पनीले ३१ करोड ९४ लाखबराबरको रकम उपलब्ध गराएको छ।

मुलुकभर हाल कुल माइक्रो इन्स्योरेन्स कम्पनीसहित १८ निर्जीवन बिमा कम्पनी सञ्चालनमा छन्। गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण भएको आगजनी र तोडफोडमा परेका निजी संरचनाको हकमा बिमा भए पनि सरकारी र सार्वजनिक सम्पत्तिको भने बिमा नभएको पाइएको छ।

# भृकुटीमण्डपमा मंगलबारदेखि तिहार फ्लोरा एक्स्पो




**काठमाडौं/मस-** नर्सरी व्यवसायी संघ नेपालले 'तेस्रो तिहार फ्लोरा एक्स्पो २०८२' आयोजना गर्ने भएको छ। भृकुटीमण्डपमा असोज २८ गतेदेखि कात्तिक १ गतेसम्म पाँच दिवसीय प्रदर्शनी 'तिहारको उत्सव, फूलको महोत्सव' हुने भएको हो। संघका अध्यक्ष रामजीप्रसाद तिमिल्सिनाले अहिलेको कठिन समयमा पनि कृषि तथा नर्सरी व्यवसायीहरूले उत्पादन गरेका फूल तथा बिरुवा प्रदर्शनले उपभोक्तालाई फाइदा पुग्ने बताए। संघले आर्थिक मन्दीले सुस्ताएको हरित अर्थतन्त्रमा संलग्न उद्यमी तथा व्यवसायीलाई प्रोत्साहन दिन र स्वदेशी उत्पादन प्रवर्धन गर्न मेला आयोजना गर्न लागेको जनाएको छ।

एक्स्पो संयोजक लक्ष्मी महर्जनले प्रदर्शनीले उद्यमी व्यवसायीको मनोबल बढाउने मात्र नभई नर्सरी व्यवसायमा रुचि राख्ने नव-उद्यमी, अनुसन्धानकर्ता र अध्ययनरत व्यक्तिका लागि बृहत् साझा मञ्चका रूपमा काम गर्ने बताइन्। संयोजक महर्जनले देशमा बढ्दो राजनीतिक अस्थिरताले उद्यमी व्यवसायीको मनोबल कमजोर बनाएको भन्दै व्यावसायिक वातावरण सुदृढ बनाउने सबै पक्षको जिम्मेवारी भएको बताइन्।

प्रदर्शनीमा फूल फुल्ने र नफुल्ने बिरुवा, कृषि तथा वनस्पति, जडीबुटी र फलफूल नर्सरीका विविध प्रजातिका बोटबिरुवा राखिनेछन्। साथै मलखाद, अर्गानिक तथा रासायनिक विषादी, बिउ, औजार-सामग्री र प्रविधि प्रदर्शनलगायत अफिसियल स्टल गरी ७० स्टल उनले बताइन्। पाँच दिनसम्म चल्ने एक्स्पोमा ३५ हजार बढीले अवलोकन गर्ने अपेक्षा गरिएको छ भने ७० लाखभन्दा बढीको आर्थिक कारोबार हुने अनुमान गरिएको छ।

# इनड्राइभले स्वस्तिमा खड्कालाई बनायो 'ब्रान्ड एम्बेसडर'




काठमाडौं/मस- इनड्राइभले नेपालका लागि ब्रान्ड एम्बेस्डरका रूपमा अभिनेत्री स्वस्तिमा खड्कालाई नियुक्त गरेको छ। सो घोषणासँगै कम्पनीले आफ्नो नयाँ ३६० क्याम्पेन 'इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा' पनि सार्वजनिक गरेको छ। यो क्याम्पेनले स्वतन्त्रता, निष्पक्षता र पारदर्शितामा कम्पनीको मूल विश्वासलाई प्रतिविम्बित गर्छ।

यस क्याम्पेनले इनड्राइभको पियर-टु-पियर मोडेललाई केन्द्रीय अवधारणा बनाएको छ, जसअन्तर्गत प्रयोगकर्ताहरूले आफ्नै भाडा प्रस्ताव गर्न सक्ने र चालकसँग प्रत्यक्ष रूपमा मोल मोलाइ गर्न सक्ने सुविधा प्राप्त गर्छन्। इनड्राइभका एसिया-प्यासिफिक रिजनल डाइरेक्टर मार्क टल्लीले भने, 'हाम्रो ३६० क्याम्पेन इनड्राइभसँग यात्रा तपाईंकै रोजाइले इनड्राइभका प्रमुख मूल्य, स्वतन्त्रता, समानता र समुदायलाई मूर्त रूप दिएको छ। नेपालमा हाम्रो ब्रान्डको प्रतिनिधित्व गर्न स्वस्तिमा खड्काजस्तो प्रभावशाली व्यक्तित्व पाउनु गर्वको विषय हो। उनको आत्मिकता, सत्यनिष्ठा र मूल्यहरू इनड्राइभको दर्शनसँग पूर्णरूपमा मेल खान्छ।'

इनड्राइभ नेपालकी कन्ट्री रेप्रेजेन्टेटिभ रीता पोखरेलले भनिन्, 'इनड्राइभ सधैं समुदायलाई सशक्त बनाउने र समुदायका मानिसलाई वास्तविक रोजाइको स्वतन्त्रता दिने पक्षमा रहँदै आएको छ। यो क्याम्पेन र स्वस्तिमा खड्काको सहकार्यले निष्पक्ष गतिशीलता र पारदर्शिता प्रतिको हाम्रो प्रतिबद्धता झल्काउँछ। नेपालका प्रत्येक यात्रु र चालकले उनीहरूको रोजाइ साँच्चिकै महत्त्वपूर्ण छ भनेर महसुस गरून् भन्ने हामी चाहन्छौं।'

त्यस्तै, ब्रान्ड एम्बासडर स्वस्तिमा खड्काले इनड्राइभ नेपालको क्याम्पेनमा ब्रान्ड एम्बेस्डरका रूपमा जोडिन पाउँदा उत्साहित भएको बताइन्।

# ग्लोबल आइएमईद्वारा लाभांश घोषणा

**काठमाडौं/मस-** ग्लोबल आइएमई बैंकले आफ्ना सेयरधनीका लागि लाभांश घोषणा गरेको छ। शनिबार बसेको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्षसम्मको सञ्चित नाफाबाट करसहित ८ प्रतिशत नगद लाभांश दिने निर्णय गरेको हो।



सो लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपश्चात् तथा आगामी साधारण सभाले पारित गरेपछि वितरण हुनेछ। बैंकले साधारण सभा तथा बुक क्लोजको मिति भने तय गरिसकेको छैन। आइतबार बैंकको प्रतिकित्ता २ सय ३८ रुपैयाँ ९० पैसामा अन्तिम सेयर मूल्यमा कारोबार भएको थियो।

**Kedarsyun Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Deura, Bajhang**
**SudurPashchim Province, Nepal**

**Invitation Bids for Construction of Project**

**Date of publication:- 2082/06/27 (13 October 2025)**
**Invitation for Bids No: 01/2082/083**

1. Kedarsyun Rural Municipality Office, DeuraBajhang has invited electronic bids on **2082/06/27** from Nepalese eligible bidders for the procurement of following works under National Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount without (VAT & Contingencies) | Bid Document fee NRs. | Bid Security NRS | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/Work-01/2082/083 | Construction Of Dhodekhet-Gadakilotu-Dahasain- kedar TourismRoad. | 58,10,933.34 | 3000.00 | 1,46,000.00 | 2082/07/26 (2025-11-12) |

2. **The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website http://www.bolpatra.gov.np/egp, the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: ………. Office Account no:** ***07501400250009*** **of Kedarsyun Rural Municipality Aanatrik Rajashow Khata Nepal Investment Bank,Jhota Branch** and electronic scanned copy (pdfformate) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.
Information to deposite Bid Security in Bank:
**Name of The Bank : Nepal Investment Bank,JhotaBajhang.**
**Name of Office : Kedarsyun Rural Municipality** ***Dharuti Khata***
**Deposite Account No. :** ***07501400250153***
4. For more information about bidding process and bid documents, please visit http://www.bolpatra.gov.np/egp,

**CAO**

# इभी जिली इएक्स-५ उपभोक्ताको आकर्षण



**काठमाडौं/मस-** नेपाली बजारमा प्रवेश गरेको इभी ब्रान्ड जिली इएक्स-५ ले नेपाली उपभोक्ताको आकर्षण बढेको छ। नेपालमा सार्वजनिक भएको दुई महिनामा जिली इएक्स-५ म्याक्स र इएक्स-५ प्रोको गैरीधारास्थित सोरुममा उपभोक्ताको भीड लागिरहँदा गाडीको टेस्ट ड्राइभ, बुकिङ र खरिदमा उल्लेखनीय वृद्धि भएको कम्पनीको दाबी छ।

'हामीले सोचेभन्दा निकै राम्रो प्रतिक्रिया पाएका छौं,' एलआरआर मोटर्सका बिक्री प्रमुख अधिर श्रेष्ठले भने, 'सोरुमबाहिर लाइन लागेका दृश्य, रेकर्ड संख्यामा टेस्ट ड्राइभ दर्ता-यी सबैले देखाउँछ कि नेपाली जिलीको 'स्मार्ट र दिगो मोबिलिटी'को दृष्टिकोणसँग गहिरो रूपमा जोडिएका छन्।'

उच्च मागका कारण, एलआरआर मोटर्सले सोरुम समय विस्तार र थप टेस्ट ड्राइभको समय बढाएको घोषणा गरेको छ। हाल गैरिधारास्थित सोरुम बिहान ९ बजेदेखि साँझ ८ बजेसम्म सञ्चालनमा छ। साथै शनिबार र सार्वजनिक बिदामा पनि खुला गरिएको छ।

यो उत्साहलाई थप उचाइमा पुर्‍याउन, एलआरआर मोटर्सले ग्राहकहरूका लागि विशेष फेस्टिभ अफर घोषणा गरेको छ। अफरअन्तर्गत नयाँ खरिदकर्ताले आकर्षक नगद छुट, एक वर्षको निःशुल्क बिमा, सजिलो फाइनान्स सुविधा, उत्कृष्ट एक्सचेन्ज मूल्यांकन, थप बोनस र उपहार प्याक प्राप्त गर्न सक्नेछन्।

# एमएडब्लु एक्सचेन्ज मेला सुरु




**काठमाडौं/मस-** अटोमोबाइल समूह एमएडब्लु वृद्धिले आइतबारबाट एक्सचेन्ज मेला सुरु गरेको छ। कम्पनीले काठमाडौं गैरीधारास्थित एलिस रिसेप्सन र देशभरका दिपल, नामिर सेरेसका आधिकारिक सोरुममा चाडबाड लक्षित मेगा एक्सचेन्ज कार्निभल सुरु गरेको हो।

आगामी आइतबारसम्म चल्ने सो एक्सचेन्ज मेलामा ग्राहकले आफ्ना पुराना गाडीहरू साटेर सबैभन्दा स्टाइलिस र टेक्नोलोजिकल्ली एड्भान्स्ड इभीमा अपग्रेड गर्न सक्नेछन्। काठमाडौंमा आयोजना हुने मुख्य कार्यक्रममा ग्राहकले दिपल, अवतार, नामिर सेरेसजस्ता नेपालका शीर्ष इभी ब्रान्डका चर्चित मोडल एउटै स्थानमा अवलोकन गर्न र टेस्ट ड्राइभ गर्न पाउने जनाइएको छ। ग्राहकले एक्सचेन्ज मेलामा नेपालका शीर्ष पाँच रिकन्डिसन हाउसमार्फत आफ्ना पुराना गाडीहरूको सर्वोत्कृष्ट मूल्यांकन गराउन सक्नेछन्। यसका साथै ग्राहकले एक्सचेन्जमा बोनस र नगद छुट पनि पाउनु हुनेछ जसबाट निश्चित मोडेलहरूमा अधिकतम १५ लाख रुपैयाँसम्मको लाभ पाउन सक्नेछन्।

सो अफरमा कार्यक्रममा बुकिङ गर्ने हरेक ग्राहकले नगरकोटस्थित प्रिमियम रिसोर्टमा एक जोडीले नाइट स्टेको पनि अफर पाउने जनाइएको छ।

**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**चिरौली, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२/०६/२६**

यस गाउँपालिकाबाट तपसिलको कार्यका लागि मध्यान्ह राष्ट्रिय दैनिकमा मिति २०८२/०४/२९ गते प्रकाशित ई-बिड (E–bid for Supply & Delivery of Office Essential Goods and Accessories) बोलपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखि आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं., योजनाको नाम | योजना अन्तर्गतको प्याकज/लट | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक (समेत) |
|---|---|---|---|---|
| १. | BNRM/NCB/Goods/2082/083-01, Supply & Delivery of Office Essential Goods and Accessories | Package 1. Supply & Delivery of Office Related Stationary, Sanitation and Furniture Items | न्यू कुशवाहा कृषि औजार एण्ड इलेक्ट्रिक सप्लायर्स इनरुवा-३, सुनसरी | १२,३१,२७५.१२ |
| | | Package 2. Supply & Delivery of Office Related Electronics and Electrical Items | एलिसा सप्लायर्स एण्ड विल्डर्स प्रा.लि. इनरुवा-८, सुनसरी | १४,३६,९५२.०७ |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**